हाम्रो गोदावरी

स्थानीय पाठ्यक्रम

आधारभूत तह (कक्षा १–३)



गोदावरी नगरपालिका

बज्रबाराही, ललितपुर

२०७९

हाम्रो गोदावरी

स्थानीय पाठ्यक्रम

आधारभूत तह (कक्षा १-३)

गोदावरी नगरपालिका

बज्रबाराही, ललितपुर ।

२०७९

हाम्रो गोदावरी

स्थानीय पाठ्यक्रम, आधारभूत तह (कक्षा १ - ३)

गोदावरी नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

बज्रबाराही, ललितपुर ।

सम्पर्क फोन : ०१५५७५९२, ०१५७२७९५

Email : godawari.nagarpalika@gmail.com

Website : http://www.godawarimun.gov.np

स्थानीय पठ्यक्रम सल्लाहकार समिति

१. श्री गजेन्द्र महर्जन, नगर प्रमुख

२. श्री मुना अधिकारी, नगर उपप्रमुख

३. श्री प्रविण कोइराला, प्रमुख प्रशासकीय अधिकृत

४. श्री दिनानाथ पन्थी, प्रमूख शिक्षा, युवा तथा खेलकुद शाखा

५. श्री देवीप्रसाद उपाध्याय, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा तथा खेलकुद मन्त्रालय

६. श्री शेखर न्यौपाने, वडा अध्यक्ष, वडा नं. १०, संयोजक, सामाजिक विकास समिति

७. श्री भाष्कर थापा, वडा अध्यक्ष, वडा नं १३, पूर्व संयोजक, सामाजिक विकास समिति

८. श्री पदम बहादुर कुँवर, शिक्षा अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा

परामर्शदाता

ह्युमन डेभलपमेन्ट एन्ड रिसर्च सेन्टर नेपाल प्रा. लि. (HDRC Nepal), खुमलटार, ललितपुर ।

पाठ्यक्रम लेखन तथा परिमार्जन कार्यदल

श्री महेन्द्र विष्ट - पाठ्यक्रम विज्ञ

श्री दिनेश कुमार थापा - पाठ्यक्रम विज्ञ

श्री वशिष्ठ अधिकारी - समाजसेवी

श्री हरिराम महर्जन - समाजसेवी

श्री नवीन थेच्वमि - संस्कृति विज्ञ

भूमिका

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह (कक्षा १ - ८) को शिक्षामा स्थानीय पाठ्यक्रमको निर्माण गरी लागू गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। राष्ट्रिय पाठ्यक्रमले स्थानीय ज्ञान, सीप, आवश्यकता तथा महत्त्वका विषयवस्तुहरूलाई समेट्न नसक्ने अवस्था रहन्छ। यसका लागि बालबालिकाहरूलाई स्थानीय ज्ञान, सीप, मूल्य, मान्यता, जीवनशैली, सम्भावना आदिको बारेमा सिकाउनु अवश्यक हुन्छ। स्थानीय भूगोल, संस्कृति, पहिचान, आर्थिक सामाजिक जीवन तथा मूल्य मान्यताहरूको संबर्द्धन गर्न र नयाँ पुस्तामा ज्ञानसीपको हस्तान्तरण गर्नका लागि स्थानीय पाठ्यक्रमको विकास गरी लागू गर्ने व्यवस्था स्थानीय पाठ्यक्रममा रहेको छ। यसै सन्दर्भमा गोदावरी नगरपालिका, शिक्षा शाखामार्फत् यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो। यस पाठ्यक्रममार्फत् विद्यार्थीहरूले गोदावरी क्षेत्रको भूगोल, संस्कृति, परम्परा तथा मूल्य मान्यताको बारेमा सिक्ने अवसर पाउने छन्। आफ्नो जीवनलाई अगाडि बढाउन आवश्यक पर्ने ज्ञान सीपको विकास गर्ने छन्। साथै, यस क्षेत्रका सम्पदाहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान स्थापित गर्ने काममा समेत सघाउ पुग्ने अपेक्षा गरिएको छ।

यस पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने शिक्षक तालिम, विद्यार्थी कार्यपुस्तक, तथा शिक्षक निर्देशिका जस्ता सामग्री तयार पारी कार्यान्वयन गरिने छ। यो पाठ्यक्रम परीक्षणका लागि तयार पारी कार्यान्वयनमा ल्याइएको हो। स्थानीय पाठ्यक्रममा अनगिन्ती स्थानीय विषयवस्तु हुन्छन्। त्यसैले यस पाठ्यक्रममा धेरै विषयवस्तुहरू छुटेका हुन सक्छन्। धेरै प्रयासबाट पनि यस पाठ्यक्रममा नसमेटिएका वा छुटेका वा त्रुटि भएका विषयवस्तुहरूका सम्बन्धमा रचनात्मक सुझाव, सल्लाह दिएर सहयोग गरिदिनुहुन सबै सरोकारवालाहरूमा अनुरोध गरिन्छ। प्राप्त सुझाव र सल्लाहलाई आगामी परिमार्जनमा समेट्दै लगिने छ।

अन्त्यमा, यस पाठ्यक्रमको निर्माणमा सहभागी हुने परामर्शदाता, पाठ्यक्रम लेखन तथा परिमार्जन कार्यदलका सदस्यहरू, स्थानीय विज्ञहरू, सल्लाहकारहरू, नगर शिक्षा समितिका पदाधिकारीहरू, शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत तथा कर्मचारीहरू, अभिभावकहरू लगायत प्रत्यक्ष अप्रत्यक्षरूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

शिक्षा, युवा तथा खेलकुद शाखा

गोदावरी नगरपालिका

गोदावरी नगरपालिका
Godawari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office Of Municipal Executive

बज्रबाराही, ललितपुर/ Bajbarahi, Lalitpur
बागमती प्रदेश, नेपाल/ Bagmati Province, Nepal
२०७३

पं सं/Let. No.
च. नं/Ref. No.

शुभकामना मन्तव्य

गोदावरी नगरपालिका प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक दृष्टिले सम्पन्न नगरपालिका हो । यहाँ गोदावरीको बाह्रवर्षे कुम्भ मेला, ठेचोको बाह्रवर्षे नवदुर्गा जात्रा, विभिन्न धार्मिक स्थलहरू, बोटानिकल गार्डेन, फूलचोकीलगायतका सम्पदाहरू रहेका छन् । त्यसै गरी यहाँ नेवार, तामाङ, नगरकोटी, दनुवारलगायतका विभिन्न जनजातिका मौलिक संस्कृति पनि रहेका छन् ।

यी सम्पदाहरूको संरक्षण र संबर्द्धन गर्नु नगरपालिकाको दायित्व हो । यसका लागि नगरपालिकाअन्तर्गतका विद्यालय तहमा अध्ययनरत विद्यार्थीलाई पनि हाम्रा यी अमूल्य सम्पदाका सम्बन्धमा सुसूचित गराउनु जरुरी हुन्छ । आजका बालबालिका भोलिका जनशक्ति हुन् । त्यसैले उनीहरूलाई आफ्नो नगरपालिका भित्रका यस्ता प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवम् स्थानीय ज्ञान र सीप सम्बन्धमा जानकारी गराउनुपर्दछ । तिनको संरक्षण, संबर्द्धन तथा प्रवर्धनमा स्थानीय पाठ्यक्रममार्फत् सरिक गराउने कार्यमा यस स्थानीय पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने आशा एवम् विश्वास लिएको छु ।

पाठ्यक्रम तयार पार्ने क्रममा योगदान दिनुभएका विज्ञहरू, स्थानीय बुद्धिजीवी, समाजसेवी, प्रधानाध्यापक, शिक्षक, अभिभावकलगायत सबैलाई धन्यवाद दिन चाहन्छु । पाठ्यक्रम कार्यान्वयनको केन्द्रबिन्दुमा रहनु भएका शिक्षक समुदाय, विद्यालय व्यवस्थापन समिति, तथा अभिभावकवर्गलाई यस पाठ्यक्रमको सफलतापूर्वक कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

श्री गजेन्द्र महर्जन
नगर प्रमुख

विषयसूची

भाग - १ स्थानीय पाठ्यक्रमको अवधारणा	१
भूमिका	१
स्थानीय पाठ्यक्रमको उद्देश्य	१
स्थानीय पाठ्यक्रमको विशेषता	२
स्थानीय पाठ्यक्रम सम्बन्धमा भएको व्यवस्था	२
भाग - २ हाम्रो गोदावरी (स्थानीय पाठ्यक्रम)	४
तहगत सक्षमता	४
बिषयवस्तुको क्षेत्र र क्रम	५
कक्षा १ को बिषयवस्तु बिस्तृतिकरण	१०
कक्षा २ को बिषयवस्तु बिस्तृतिकरण	१४
कक्षा ३ को बिषयवस्तु बिस्तृतिकरण	१८
सिकाइ सहजीकरण प्रक्रिया	२३
बिद्यार्थी मूल्यांकन	२५
वार्षिक पाठ्यघण्टा	२७
अनुसूची १ गोदावरी न.पा.को परिचय	२८
अनुसूची २ गोदावरी न.पा.का प्राकृतिक, पर्यटकीय तथा ऐतिहासिक सम्पदाहरू	३०
अनुसूची ३ गोदावरी न.पा.को धार्मिक तथा साँस्कृतिक परम्परा	३३
अनुसूची ४ गोदावरी न.पा.को आर्थिक गतिविधि	४३
अनुसूची ५ गोदावरी न.पा.का पदाधिकारीहरू	४५
अनुसूची ६ गोदावरी न.पा.को पाठ्यक्रम निर्माणमा सहभागी स्थानीय विज्ञहरू	४६

भाग – १

स्थानीय पाठ्यक्रमको अवधारणा

भूमिका

स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकतानुसारका विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सीप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई स्थानीय विद्यालयहरूमा लागू गर्दा यहाँका बालबालिकाहरूले आफू र आफ्नो परिवेशसम्बन्धी शिक्षा पनि विद्यालयबाटै पाउँदा उनीहरू अझ स्थानीय विषयवस्तु र सम्भावनाका सम्बन्धमा जानकार भई सरल र सक्षम जीवनयापनमा टेवा पुग्ने देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका विषयहरूलाई समेटेको हुन्छ तर यसले स्थानीय विषयवस्तुहरूलाई समेट्न सकेको हुँदैन । शिक्षा प्रणालीमा स्थानीय विषयवस्तुलाई समेटिएन भने नागरिकहरूले आफ्नो स्थानीय परिवेश, ज्ञान, सीप, जीवनशैली, आर्थिक सम्भावना र अभ्यासहरूका बारेमा औपचारिक रूपमा सिक्न पाउँदैनन् । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका यस्ता स्थानीय भौगोलिक, सामाजिक, सांकृतिक, आर्थिक पक्षहरू, जीवनोपयोगी सीपहरू, रोजगारी तथा उद्यमशीलता, मातृभाषिक पक्षहरू, जस्ता विषयहरू पनि विद्यालय शिक्षामा समावेश गर्नुपर्ने हुन्छ । यही आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकारले स्थानीय पाठ्यक्रमको अवधारणालाई कार्यान्वयनमा ल्याएको हो ।

स्थानीय पाठ्यक्रमको अवधारणाका केही सैद्धान्तिक आधारहरू पनि रहेका छन् । पहिलो आधार हो स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place–based Education Theory) । यस सिद्धान्तअनुसार स्थानीय समुदायलाई स्थानीय वातावरण तथा जनजीवनको संरक्षण र विकासको लागि स्थानीय पाठ्यक्रमको आवश्यकता हुन्छ । दोस्रो आधार सामाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Reconstruttivism Theory) हो । यस सिद्धान्तले स्थानीय सामाजिक आवश्यकता, सामाजिक मुद्दाहरू, समसामयिक विचार र भविष्यपरक आशाहरू पाठ्यक्रममा समावेश भएमा समाज विकासमा महत्त्वपूर्ण टेवा पुग्छ भन्ने कुरालाई जोड दिएको छ । तेस्रो सिद्धान्त शैक्षिक विकेन्द्रीकरणको सिद्धान्त हो । यसअनुसार स्थानीय आवश्यकता समेट्ने गरी स्थानीय स्तरमा नै पाठ्यक्रम बनाई कार्यान्वयन गरिन्छ । यसरी Think globally, act locally को मान्यताअनुसार विश्वव्यापी ज्ञानलाई केन्द्रीय पाठ्यक्रमले र स्थानीय ज्ञानलाई स्थानीय पाठ्यक्रमले समेट्ने गरिन्छ । स्थान विशेषको भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, पेसागत तथा आर्थिक क्रियाकलापहरूमा विविधता हाम्रो वास्तविकता हो । स्थान विशेषमा रहेका भौगोलिक, सामाजिक, आर्थिक र सामाजिक विशेषताहरूमा स्थानीय जनजीवन चलेको हुन्छ । स्थानीय पाठ्यक्रमले यिनै पक्षहरूलाई उजागर गर्दै स्थानीय ज्ञान र सीपलाई औपचारिक शिक्षामा समावेश गर्ने कार्य गर्दछ ।

यसै सिलसिलामा यस नगरपालिकाले पनि स्थानीय पाठ्यक्रम तयार गरेको छ । गोदावरी नगरपालिकाअन्तर्गत्का विद्यालयमा अध्ययनरत बालबालिकाले गोदावरीकै सांस्कृतिक महत्व, व्यवसायिक सम्भावना र स्थानीय अभ्यासहरू बारेमा जानकारी पाउन सकून् भन्ने उद्देश्यले यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो ।

स्थानीय पाठ्यक्रमको उद्देश्य

यस पाठ्यक्रमको मुख्य उद्देश्य गोदावरी नगरपालिकाको विद्यालयहरूमा अध्ययन गर्ने बालबालिकाहरूलाई स्थानीय भूगोल, सामाजिक क्रियाकलाप, सांस्कृतिक र स्थानीय विविधविषयहरू सम्बन्धमा जानकारी गराउने रहेको छ ।

स्थानीय पाठ्यक्रमका उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- » स्थानीय कला, संस्कृति र मूल्य मान्यताको संरक्षण र सम्बर्द्धन गर्न सहयोग गर्नु
- » सामाजिक, सांस्कृतिक, प्राकृतिक विविधता र वातावरणको सचेतना अभिबृद्धि गर्नु
- » बालबालिकाको शारीरिक, बौद्धिक, आध्यात्मिक र सांस्कृतिक पक्षको विकास गर्दै उनीहरूलाई जिम्मेवारी बोध गर्ने अवसर सिर्जना गर्नु
- » दैनिक जीवनमा आवश्यक पर्ने जीवनोपयोगी सीपहरूको विकास गर्नु
- » स्थानीय क्षेत्रको पेसा व्यवसाय एवम् रोजगारीको जानकारी गर्दै जगेर्ना र विकास गर्न सहयोग गर्नु

स्थानीय पाठ्यक्रमको विशेषता

स्थानीय पाठ्यक्रम प्रारूप २०७१ ले स्थानीय पाठ्यक्रमको विशेषता एवम् महत्त्वलाई निम्न बुँदाहरूमा समेटेको देखिन्छ :

- » स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको परिपूर्ति गर्छ ।
- » यो स्थानीय मागमा आधारित हुन्छ ।
- » यसले स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ ।
- » यसले स्थानीय स्तरमा नै सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ ।
- » अपनत्वको भावनाको विकास गराउँछ ।
- » यसले स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।
- » रोजगार तथा स्वरोजगारको सिर्जना गर्न मदत गर्छ ।
- » यसले सैद्धान्तिक भन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।
- » यसको शिक्षण सिकाइमा विद्यार्थी केन्द्रित र प्रयोगात्मक विधिमा जोड दिइन्छ ।

स्थानीय पाठ्यक्रम सम्बन्धमा भएको व्यवस्था

शिक्षाको आधारभूत तहमा स्थानीय पाठ्यक्रमको अवधारणालाई प्रोत्साहित गर्ने तथा लागू गर्ने सम्बन्धमा विभिन्न व्यवस्था रहेका छन् ।

नेपालको संविधान २०७२ को भाग ३ मा मौलिक हकअन्तर्गत् धारा ३२ मा भाषा तथा सांस्कृतिको हकको व्यवस्था गरिएको छ । धारा ३२ को उपधारा २ मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हकको व्यवस्था छ । त्यस्तै उपधारा ३ मा प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन तथा संरक्षण गर्ने हकको व्यवस्था रहेको छ । यस कारण यस व्यवस्थालाई कार्यान्वयन गर्नको लागि विद्यालय तहमा स्थानीय पाठ्यक्रम तर्जुमा गरी सोमार्फत स्थानीय समुदायमा रहेका भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाहरूलाई संरक्षण तथा सम्बर्द्धन गर्नको लागि नागरिकहरूमा ज्ञान, सीप प्रविधिको विकास गर्न जरूरी देखिन्छ । यसको लागि उक्त विषयवस्तु समावेश गरी विद्यालयमा स्थानीय पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयन एक महत्त्वपूर्ण माध्यमको रूपमा रहेको छ ।

यस्तै नेपालको पन्ध्रौँ आवधिक योजनाको अवधारणापत्र (२०७६/०७७-२०८०/०८१)ले मानव संसाधन, पूर्वाधार र प्रविधि विकास, र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम लागू गरी सबै तहको शिक्षामा गुणस्तर विकास गर्ने रणनीति लिएको छ। यसको लागि विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गरी लागू गर्नु पर्ने सन्दर्भमा निर्देश गरेको छ। आधारभूत तहको कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्ने र शिक्षण सिकाइका लागि आवश्यकतानुसार माध्यम भाषाको रूपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाउने भन्ने उल्लेख छ। तोकिएको मापदण्डअनुसार विद्यालय तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्य सामाग्री स्थानीय तहबाट विकास गरी लागू गर्ने सम्बन्धमा कार्यनीतिमा उल्लेख गरिएको छ।

त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन र नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयनलाई जोड दिएको छ। उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने व्यवस्था गरेको छ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शिक्षालाई स्थानीय आवश्यकता सान्दर्भिक र व्यावहारिक बनाउनु पर्ने आवश्यकता औल्याउदै विद्यालय वा समुदायलाई स्थानीय पाठ्यक्रम तयार गरी सोको स्थानीय पाठ्य सामाग्री तयार गरी लागू गर्नुपर्ने सुझाव दिएको छ। त्यस्तै स्थानीय पाठ्यक्रम सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६२, प्राथमिक शिक्षा पाठ्यक्रम २०६२, आधारभूत तह (कक्षा ६ - ८) पाठ्यक्रम २०६९ ले मातृभाषा तथा स्थानीय विषयको पाठ्यक्रम र पाठ्य सामाग्री आफैँले निर्माण गरी लागू गर्ने बारेमा निर्देश गरेको थियो।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा स्थानीय पाठ्यक्रमको लागि कक्षा १ - ३ सम्म ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४ - ८ को लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा समय छुट्याएको छ। आधारभूत तह (कक्षा १ - ३) को पाठ्यक्रम २०७६ ले मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा निर्माण तथा कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। यिनै व्यवस्थाहरू अनुरूप गोदावरी नगरपालिका भित्रका स्थानीय विषवस्तु समेटेर स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ।

भाग – २

हाम्रो गोदावरी स्थानीय पाठ्यक्रम

विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई नगरपालिकाअन्तर्गत्का सामाजिक, आर्थिक, सांस्कृतिक र एवम् मौलिक विशेषताहरूका सम्बन्धमा सुसूचित गराई तिनको संरक्षण र संबर्द्धनमा सरिक गराउनका लागि "हाम्रो गोदावरी" नामक स्थानीय पाठ्यक्रम तयार पारिएको छ। यो पाठ्यक्रम गोदावरी नगरपालिका क्षेत्रका आधारभूत विद्यालयहरूमा कक्षा १ देखि ३ सम्मको लागि तयार गरिएको छ। यस पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तुहरूलाई समेट्ने प्रयास गरिएको छ।

यो स्थानीय पाठ्यक्रम सामुदायिक तथा संस्थागत दुवै किसिमका विद्यालयहरूमा तोकिएका कक्षामा लागू हुनेछ। यस पाठ्यक्रमको शिक्षण सिकाइमा सामान्यतः नेपाली भाषाको प्रयोग गर्नुपर्ने छ। तथापि विद्यालयले आफ्नो अनुकूलतामा स्थानीय समुदायको मातृ भाषामा पनि शिक्षण गर्न सकिने छ। विद्यार्थी कार्यपुस्तक तथा पाठ्यपुस्तक विकास भइनसकेको अवस्थामा पनि विद्यालयले यस पाठ्यक्रम लागू गर्न सहज होओस् भनेर अनुसूची र सिकाइ क्रियाकलापको व्यवस्था गरिएको छ। यो पाठ्यक्रम सफल कार्यान्वयनको लागि नगरपालिकाले शिक्षक तालिमको व्यवस्था एवम् विद्यार्थी कार्यपुस्तक र पाठ्यपुस्तकको प्रबन्ध गर्दै जाने छ।

पाठ्यक्रमलाई समय सापेक्ष ज्ञान, सीप र प्रविधिसँग जोडेर लैजानको लागि आवश्यकतानुसार परिमार्जन र परिष्कृत गरिने छ। नगरपालिकाभित्रका विद्यालयहरूमा कार्यान्वयनको क्रममा देखिएका त्रुटि तथा विषयवस्तुहरू छुटेको पाइएमा आगामी परिमार्जनमा समावेश गर्दै लगिने छ। पाठ्यक्रममा भएका कमीकमजोरीहरूलाई हटाउँदै जाने कार्य निरन्तर चलिरहने छ। पाठ्यक्रमलाई स्थानीय ज्ञान, सीप र प्रविधिको प्रवर्द्धन गर्दै, खोजमूलक र आधुनिक एवम् सूचना प्रविधिमैत्री सिकाइतर्फ उन्मुख बनाउँदै लगिने छ।

तहगत सक्षमता :

यस स्थानीय पाठ्यक्रमको कार्यान्वयनपछि आधारभूत तह (कक्षा १-३) को अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमताहरू हासिल हुनेछन् :

१. गोदावरीको नगरपालिकाको परिचयात्मक प्रस्तुति
२. गोदावरी नगरपालिकाको प्राकृतिक सम्पदा पहिचान, संरक्षण र उपयोगमा सहभागिता
३. गोदावरी नगरपालिकाको धार्मिक र ऐतिहासिक सम्पदाको पहिचान
४. गोदावरी नगरपालिकाको सांस्कृतिक सम्पदा पहिचान र उपयोग
५. गोदावरी नगरपालिकाको भाषा साहित्यको बोध र प्रस्तुति
६. आयआर्जनका क्रियाकलापमा सहभागिता
७. आधारभूत व्यावसायिक सीप आर्जन र प्रयोग
८. स्वस्थ जीवनशैलीको अवलम्बन
९. विपत् व्यवस्थापनमा सहभागिता र सुरक्षा

विषयवस्तुको क्षेत्र र क्रम

यस पाठ्यक्रममा आधारभूत तह कक्षा १ देखि ५ सम्मको कक्षागत विषायवस्तुको क्षेत्र र क्रम यसप्रकार रहेको छ :

विषय क्षेत्र	विषयवस्तु				
	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
१. गोदावरी नगरपालिकाको परिचय	• नगरपालिकाको नाम, आफू बसेको ठाउँको वडा नम्बर, विद्यालय नजिकको मुख्य विशेषता • वडा अध्यक्षको नाम र पहिचान	• नगरपालिकाको नाम, आफू बसेको ठाउँको वडा नम्बर, वडाको मुख्य विशेषता • वडाको नक्सा • नगर प्रमुख र उपप्रमुखको नाम र पहिचान	• नगरपालिकाको मुख्य विशेषता, सिमाना र वडा सङ्ख्या, • नगरपालिकाको वडासहितको नक्सा • नगर गीत	• नगरपालिकाको वडा विभाजन, • नगरपालिकाको भौतिक नक्सा • भौगोलिक विशेषताहरू • नगर गीत	• नगरपालिकाको क्षेत्रफल, मुख्य जातिहरू, जनसङ्ख्या, • नगरपालिकाको राजनीतिक नक्सा • सांस्कृतिक विशेषताहरू • नगर गीत
२. गोदावरीको प्राकृतिक सम्पदा	• विद्यार्थीको समुदायमा रहेका प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, फाँट) • विद्यालय बाहिरको प्राकृतिक सम्पदाको पहिचान (अनुसूची २ क बाट हेर्ने)	• विद्यार्थीको वडामा रहेका प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, फाँट) (अनुसूची २ क बाट हेर्ने)	• नगरपालिकामा रहेका मुख्य पाँच प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, फाँट) • आफ्नो वडाको प्राकृतिक सम्पदाको अवलोकन (अनुसूची २ क बाट हेर्ने)	• नगरपालिकामा रहेका मुख्य प्राकृतिक सम्पदाको परिचय र उपयोग (वन, खोला, डाँडा, फाँट) (अनुसूची २ क बाट हेर्ने)	• नगरपालिकामा रहेका मुख्य प्राकृतिक सम्पदाको संरक्षण (वनस्पति, खोला, डाँडा, माटो) (अनुसूची २ क बाट हेर्ने)
३. गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा	• विद्यार्थीको समुदायमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो) • विद्यालय बाहिरको धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन (अनुसूची २ ख र ग बाट हेर्ने)	• विद्यार्थीको वडामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो) • आफ्नो समुदायको धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन (अनुसूची २ ख र ग बाट हेर्ने)	• नगरपालिकामा रहेका मुख्य पाँच धार्मिक तथा ऐतिहासिक सम्पदा र तिनको संरक्षण (मठ, मन्दिर, पाटी) • आफ्नो वडाको धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन (अनुसूची २ ख र ग बाट हेर्ने)	• नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा र तिनको महत्त्व तथा संरक्षण (मठ, मन्दिर, पाटी) • आफ्नो नगरपालिकामा रहेका धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन (अनुसूची २ ख र ग बाट हेर्ने)	• नगरपालिकामा रहेका वडागत धार्मिक तथा ऐतिहासिक सम्पदा, तिनको महत्त्व तथा संरक्षण (मठ, मन्दिर, पाटी) • आफ्नो नगरपालिकामा रहेका धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन (अनुसूची २ ख र ग बाट हेर्ने)

विषय क्षेत्र	विषयवस्तु				
	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
४. गोदावरीको सांस्कृतिक सम्पदा	• विद्यार्थीको समुदायमा प्रचलित सांस्कृतिक सम्पदा (चाडपर्व) (अनुसूची ३ क बाट हेर्ने)	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित सांस्कृतिक सम्पदा (चाडपर्व) (अनुसूची ३ क बाट हेर्ने)	• वडामा प्रचलित सांस्कृतिक सम्पदा (चाडपर्व) (अनुसूची ३ क बाट हेर्ने)	• छिमेकी वडामा प्रचलित सांस्कृतिक सम्पदा (चाडपर्व र संस्कार) (अनुसूची ३ क र ग बाट हेर्ने)	• नगरपालिकामा प्रचलित मुख्य सांस्कृतिक सम्पदा (चाडपर्व र संस्कार) (अनुसूची ३ क र ग बाट हेर्ने)
	• विद्यार्थीको समुदायमा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत लोक बाजा, गीत) (अनुसूची ३ ख बाट हेर्ने)	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत लोक बाजा, गीत) (अनुसूची ३ ख बाट हेर्ने)	• वडामा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत लोक बाजा, नृत्य, गीत) (अनुसूची ३ ख बाट हेर्ने)	• छिमेकी वडामा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत लोक बाजा, नृत्य, गीत) (अनुसूची ३ ख बाट हेर्ने)	• नगरपालिकामा प्रचलित मुख्य सांस्कृतिक सम्पदा (परम्परागत लोक बाजा, नृत्य गीत) (अनुसूची ३ ख बाट हेर्ने)
	• विद्यार्थीको समुदायमा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत खानेकुरा) (अनुसूची ३ घ बाट हेर्ने)	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत खानेकुरा) (अनुसूची ३ घ बाट हेर्ने)	• वडामा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत खानेकुरा) (अनुसूची ३ घ बाट हेर्ने)	• छिमेकी वडामा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत खानेकुरा) (अनुसूची ३ घ बाट हेर्ने)	• नगरपालिकामा प्रचलित मुख्य सांस्कृतिक सम्पदा (परम्परागत खानेकुरा) (अनुसूची ३ घ बाट हेर्ने)
	• विद्यार्थीको परिवारमा प्रचलित स्थानीय परम्परागत पहिरन (अनुसूची ३ ङ बाट हेर्ने)	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत पहिरन) (अनुसूची ३ ङ बाट हेर्ने)	• विद्यार्थीको वडामा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत पहिरन) (अनुसूची ३ ङ बाट हेर्ने)	• नगरपालिकाको पहिचान झल्काउने मुख्य परम्परागत पहिरन (अनुसूची ३ ङ बाट हेर्ने)	• नगरपालिकाका विभिन्न समुदायमा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत पहिरन) (अनुसूची ३ ङ बाट हेर्ने)

विषय क्षेत्र	विषयवस्तु				
	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
			• नगरपालिकामा प्रचलित स्थानीय परम्परागत भाँडाकुँडा	• नगरपालिकामा प्रचलित स्थानीय परम्परागत औजार	• नगरपालिकामा प्रचलित स्थानीय परम्परागत प्रविधि
५.गोदावरीको भाषा साहित्य, कला	• विद्यार्थीको समुदायमा बोलिने प्रचलित भाषाका सामान्य शब्दार्थ (नेवार, तामाङ, नगरकोटी, दनुवार अन्य)	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित भाषाका सामान्य शब्दार्थ (नेवार, तामाङ, नगरकोटी, दनुवार अन्य)	• गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये नगरकोटी जाति र भाषाको परिचय (ऐतिहासिक पृष्ठभूमि, जाति, स्थान) • नगारकोटी भाषाको सामान्य शब्दार्थ र वाक्य • नगरकोटी भाषाका गीत कविता • नगरकोटी समुदायमा प्रचलित कथा, उखान टुक्का • नगरपालिकामा प्रचलित स्थानीय क्षेत्रसँग सम्बन्धित ऐतिहासिक तथा धार्मिक कथा	• गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये नेवार भाषाको परिचय (ऐतिहासिक पृष्ठभूमि, जाति, स्थान) • नेवार भाषाका गीत कविता • नेवार भाषाको सामान्य शब्दार्थ र वाक्य • नेवार समुदायमा प्रचलित कथा, उखान टुक्का • ऐतिहासिक बस्ती प्याङ्गाउँ र दनुवार गाउँको परिचय • नगरपालिकामा प्रचलित ऐतिहासिक तथा धार्मिक कथा	• गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्य मध्ये तामाङ भाषाको परिचय (ऐतिहासिक पृष्ठभूमि, जाति, स्थान, • तामाङ भाषाका गीत कविता • नगरपालिकामा बोलिने तामाङ भाषाका सामान्य शब्दार्थ र वाक्य • नगरपालिका क्षेत्रमा भएका भाषा साहित्यको विकासमा संलग्न सङ्घसँस्था र तिनको कार्य (अनुसूची ४ बाट हेर्ने) • नगरपालिकामा प्रचलित ऐतिहासिक तथा धार्मिक कथा

विषय क्षेत्र	विषयवस्तु				
	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
६. आयआर्जन	• स्थानीय पेसाको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग)	• स्थानीय सीपको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग)	• स्थानीय वडामा प्रचलित पेसा, व्यवसायको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग) (अनुसूची ४ बाट हेर्ने)	• नगरपालिकामा प्रचलित पेसा, व्यवसाय र परम्परागत प्रविधिको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग, पर्यटन) (अनुसूची ४ बाट हेर्ने)	• नगरपालिकामा प्रचलित पेसा, व्यवसाय र प्रविधिको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग, पर्यटन) (अनुसूची ४ बाट हेर्ने, कक्षा चारमा नदोहोरिने गरी)
	• करेसाबारी/कौसी/गमलामा फूल र तरकारीका बिरुवा रोप्ने, उमार्ने, हेरचाह गर्ने र उपयोग गर्ने	• करेसाबारी/कौसी/गमलामा फूल र तरकारीका बिरुवा रोप्ने, उमार्ने, हेरचाह गर्ने र उपयोग गर्ने	• करेसाबारी/कौसी/गमलामा फूल र तरकारीका बिरुवा रोप्ने, उमार्ने गोडमेल गर्ने • तरकारी, फूल, फल टिपेर उपयोग गर्ने वा बिक्री गर्ने	• करेसाबारी/कौसी/गमलामा फूल र तरकारीका बिरुवा रोप्ने, उमार्ने, मलजल र गोडमेल • तरकारी, फूल, फल टिपेर उपयोग गर्ने, विज्ञापन गरी बिक्री	• करेसाबारीमा तरकारी र फलफूलका बिरुवा रोप्ने, उमार्ने मलजल र गोडमेल • तरकारी, फूल, फल टिपेर उपयोग गर्ने भण्डारण तथा प्याकिङ गरी बिक्री गर्ने
७. स्वस्थ जीवनशैली	• स्थानीय खेल • व्यक्तिगत सरसफाइ • सामान्य व्यायाम • स्वस्थ खानेकुरा	• स्थानीय खेल • व्यक्तिगत सरसफाइ • सभ्य बोलीवचन • सामान्य व्यायाम • स्वस्थ खानेकुरा	• स्थानीय खेल • घरको सरसफाइ • सभ्य बोलीवचन • सामान्य योगासन • सामान्य व्यायाम	• स्थानीय खेल • कक्षा कोठा र विद्यालयको सरसफाइ • सामान्य योगासन, प्राणायाम • स्वस्थ खानेकुरा	• स्थानीय खेल • समुदायको सरसफाइ • सामान्य योगासन, प्राणायाम • स्वस्थ बानी व्यवहार

विषय क्षेत्र	विषयवस्तु				
	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
८. आधारभूत व्यावसायिक सीप	• चित्र कोर्ने • रङ लगाउने • कागज र कपडाका खेलौना निर्माण	• चित्र कोर्ने • रङ लगाउने • कागजका खेलौना वस्तु निर्माण	• कागज, कपडा र प्लास्टिकका सजावटका वस्तु तथा खेलौना निर्माण • सामान प्याकेजिङ्	• कागज, कपडा, माटो र प्लास्टिकका सजावटका वस्तु तथा खेलौना निर्माण • सामान बिक्री	• खेर गएका वस्तुबाट उपयोगी वस्तु निर्माण • सामान प्याकेजिङ र लेबलिङ • सामानको विज्ञापन र बिक्री
९. विपत् व्यवस्थापन	• भूकम्प र स्थानीय विपत्बाट बच्न पूर्वाभ्यास	• भूकम्प र स्थानीय विपत्बाट बच्न पूर्वाभ्यास	• स्थानीय विपत्को परिचय • विपत्बाट बच्न पूर्वाभ्यास • सुरक्षित र असुरक्षि स्थानको पहिचान	• स्थानीय विपत्को परिचय र त्यसको न्युनीकरणका उपाय • स्थानीय विपत्बाट बच्ने उपाय, सावधानी र पूर्वाभ्यास • सुरक्षित र असुरक्षि स्थानको पहिचान	• गोदावरी नगरपालिकामा हुन सक्ने विपत्को परिचय र त्यसको रोकथामका उपाय • स्थानीय विपत्बाट बच्ने उपाय, सावधानी र पूर्वाभ्यास • सुरक्षित र असुरक्षि स्थानको पहिचान

कक्षा १ को विषयवस्तु विस्तृतीकरण :

कक्षा १ का बालबालिकाहरूका लागि विषयवस्तुको विस्तृतीकरण यस प्रकार रहेको छ :

विषय क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तुको विस्तृतीकरण	शिक्षण सिकाइ क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	पाठ्य घण्टी
१. गोदावरी नगरपालिकाको परिचय	• नगरपालिकाको सामान्य परिचय दिन • वडा अध्यक्षको पहिचान गर्न	• नगरपालिकाको नाम, • आफू बसेको ठाउँको वडा नम्बर, • विद्यालय नजिकको मुख्य विशेषता • वडा अध्यक्षको नाम र पहिचान	• नगरपालिका भवनको चित्र प्रदर्शन गर्दै नगरपालिकाको नाम र वडा नम्बरसहितको ठेगाना भनिदिने र विद्यार्थीलाई भन्न लगाउने • विद्यालय नजिकको वडाको पहिचान जनाउने ठाउँको चित्र वा फोटो वा भिडियो प्रदर्शन गर्दै वडाको सामान्य जानकारी गराउने • वडा अध्यक्षको फोटो प्रदर्शन गरी परिचय गराउने	• विभिन्न चित्र देखाइ नगरपालिकाको नक्सा र नगरपालिका कार्यालय भवन पहिचान गर्न लगाउने • विद्यार्थीको ठेगाना सोध्ने • वडा अध्यक्षको नाम सोध्ने र फोटो देखाएर पहिचान गर्न लगाउने	१२
२.गोदावरीको प्रकृतिक सम्पदा	• विद्यार्थीको समुदायमा रहेका प्राकृतिक सम्पदा को पहिचान गर्न • विद्यालय बाहिरको प्राकृतिक सम्पदाको पहिचान गर्न	• विद्यार्थीको समुदायमा रहेका प्राकृतिक सम्पदा • विद्यालय वरपर रहेका प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, फाँट)	• विद्यार्थीलाई कक्षाबाहिर लगी विद्यालय वरपरका प्राकृतिक सम्पदा अवलोकन गर्न लगाएर छलफल गर्ने • विद्यार्थीको समुदायमा रहेका वन, खोला, डाँडा, फाँट आदिको फोटो, भिडियो प्रदर्शन गर्दै र प्रश्नोत्तर गर्दै छलफल गर्ने • प्राकृतिक सम्पदा के काम लाग्छ ? त्यहाँ गएको छ कि छैन भन्ने प्रश्नहरू गर्दै छलफल गर्ने • नजिकको सुरक्षित प्राकृतिक सम्पदाको भ्रमण गराउने • रेखाङ्कित चित्र दिएर खोला, वन, पहाड आदिको चित्र बनाउन र रङ भर्न लगाउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले बनाएको चित्र हेरी सहजीकरण गर्ने	१२

३.गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा	• विद्यार्थीको विद्यालय वरपर र समुदायमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो) पहिचान गर्न	• विद्यालय बाहिरको धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन • विद्यार्थीको समुदायमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा पहिचान (मठ, मन्दिर, पाटी, चौतारो)	• विद्यालय बाहिर लगेर धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन गराउने • विद्यार्थीको समुदायमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो) आदिको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको समुदायमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा मठ, मन्दिर, पाटी, चौतारो आदिमध्ये केही स्थानको अवलोकन भ्रमण गराउने र सामान्य सरसफाइमा पनि सरिक गराउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले गरेका कार्य हेरी सहजीकरण गर्ने	१५
४.गोदावरीको सांस्कृतिक सम्पदा	• विद्यार्थीको समुदायमा प्रचलित चाडपर्वका गतिविधि बताउन	• विद्यार्थीको समुदायमा प्रचलित (चाडपर्वहरू)	• विद्यार्थीको समुदायमा चाड पर्वको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको समुदायमा मनाइने चाड पर्वका सम्बन्धमा भूमिका अभिनय गराउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	१०
	• विद्यार्थीको समुदायमा प्रचलित परम्परागत लोक बाजा र गीत पहिचान गर्न, बजाउन र गाउन	• विद्यार्थीको समुदायमा प्रचलित परम्परागत लोक बाजाहरू	• विद्यार्थीको समुदायमा बजाइने बाजाको चित्र, फोटो, भिडियो वा वास्तविका बाजा प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको समुदायमा मनाइने बाजा बजाउने सामान्य अभ्यास गराउने • विद्यार्थीको समुदायमा प्रचलित गीत सुनाउने र गाउन लगाउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	१०
	• विद्यार्थीको समुदायमा प्रचलित परम्परागत खानेकुरा पहिचान गर्न	• विद्यार्थीको समुदायमा प्रचलित परम्परागत खानेकुराहरू	• विद्यार्थीको घर र समुदायमा खाइने परम्परागत खानेकुराको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको समुदायमा खाइने परम्परागत खानेकुराका प्रदर्शन गरी खुवाउने • खानेकुरा बनाउने काममा विद्यार्थीले सक्ने काम गर्न लगाउने ।	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	८

	• विद्यार्थीको परिवारमा प्रचलित स्थानीय परम्परागत पहिरन पहिचान गर्न	• विद्यार्थीको परिवारमा प्रचलित स्थानीय परम्परागत पहिरन	• विद्यार्थीको परिवारमा प्रचलित स्थानीय परम्परागत पहिरनका चित्र वा वास्तविक पोसाक प्रदर्शन गरी तिनको नाम भनिदिने र छलफल गर्ने • विद्यार्थीलाई परम्परागत पोसाक लगाइदिएर पोसाक प्रदर्शनी गर्ने	• पोसाकका चित्र वा वास्तविक पोसाक देखाएर पहिचान गर्न लगाउने	७
५.गोदावरीको भाषा साहित्य	• विद्यार्थीको समुदायमा बोलिने प्रचलित भाषाका सामान्य शब्दार्थ प्रयोग गर्न	• विद्यार्थीको समुदायमा बोलिने प्रचलित भाषाका सामान्य शब्दार्थ (नेवार, तामाङ, नगरकोटी, दनुवार अन्य)	• विद्यार्थीको समुदायमा बोलिने प्रचलित भाषाका सामान्य शब्द बोल्न लगाउने • त्यस्ता शब्दको नेपाली वा अङ्ग्रेजी अर्थ भन्न लगाउने • स्थानीय समुदायमा प्रचलित दन्त्य कथा हाउभाउसहित सुनाउने	• शब्दको उच्चारण, अर्थ र स्मरण कत्तिको गर्न सक्छन् भनी परीक्षण गर्ने	२२
६. आयआर्जन	• स्थानीय पेसाको परिचय दिन	• विद्यार्थीको समुदायमा गरिने विभिन्न स्थानीय पेसाको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग)	• विद्यार्थीको परिवारमा समुदायमा कुन कुन पेसा गरिन्छ भनी प्रश्नोत्तर गर्दै छलफल गर्ने • उनीहरूको छिमेकमा कुन कुन पेसा गरिन्छ भनी प्रश्नोत्तर गर्दै छलफल गर्ने • विभिन्न पेसा झल्कने फ्लास कार्ड चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने	• पेसाका चित्रपत्ती पहिचान गर्न लगाउने	८
	• करेसाबारीमा बिरुवा रोप्न, उमार्न र हेरचाह गर्न	• करेसाबारी/कौसी/गमलामा छिटो हुर्कने फूल र तरकारीका बिरुवा रोप्ने, उमार्ने, हेरचाह गर्ने र उपयोग गर्ने	• विद्यार्थीलाई करेसाबारी वा गमलामा मुला, वा कुनै तरकारी, फूल वा यस्तै छिटो हुर्कने बिरुवा रोप्न लगाउने • आफूले रोपेको बिरुवामा नियमितरूपमा पानी हाल्न र हेरविचार गर्न सिकाउने • आफूले उमारेको बिरुवा मध्ये सागको बिरुवा भए टिपेर दिवा खाजामा खुवाउने, मुलाको बिरुवा भए उखेलेर सफा गरी खान दिने, फूलको बिरुवा भए फूले पछि कक्षामा सजाउन लगाउने	• विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गर्ने	१०

७. स्वस्थ जीवनशैली	• स्थानीय खेल खेल्न • व्यक्तिगत सरसफाइ गर्न • स्वस्थ खानेकुरा खान	• स्थानीय खेल व्यक्तिगत सरसफाइ (नाक, आँखा, अनुहार, हात, कपाल, नङ, कपडा) • स्वस्थ खानेकुरा	• विद्यार्थीलाई स्थानीय खेल खेल्ने तरिका सिकाउदै खेलाउने • व्यक्तिगत सरसफाइ जस्तै, नाक सफा राख्ने, नङ काट्ने, हात धुने, कपाल कोर्ने, मुख धुने, हात खुट्टा धुने, कपडा फोहर नगर्ने जस्ता व्यक्तिगत सरसफाइका उपाय सिकाउने र अभ्यास गराउने • मिचिमिची हात धुने अभ्यास गराउने • स्वस्थ खानेकुराको उदाहरण दिएर स्वस्थ खानेकुरा खानुपर्छ भनी चित्र देखाउँदै सिकाउने	• खेलमा आवश्यक सहजीकरण गर्ने • विद्यार्थीको सरसफाइको नियमित निरीक्षण गरी सहयोग गर्ने, राम्रो सरसफाइ भएका विद्यार्थीलाई प्रोत्साहन गर्ने • छोटा प्रश्न सोध्ने	१०
	• सभ्य बोलीवचन गर्न • सामान्य व्यायाम गर्न	• सभ्य बोलीवचन • सामान्य व्यायाम	• सभ्य बोलीवचनका तरिका र शब्दहरू सिकाउने र बोल्ने अभ्यास गराउने • सामान्य व्यायामको अभ्यास गराउने	• सभ्य बोलीवचनका तरिका र शब्दहरू प्रयोग गरेका आधारमा • व्यायाम सही तरिकाले गरे नगरेको अवलोकन गरी सहजीकरण गर्ने	८
८. आधारभूत व्यावसायिक सीप	• चित्र कोर्न र रङ लगाउन	• चित्र कोर्ने अभ्यास • रङ लगाउने अभ्यास	• विद्यार्थीलाई नमूना देखाइ चित्र कोर्न अभ्यास गराउने, त्यसमा आफू खुसी रङ भर्न लगाउने	• विद्यार्थीले चित्र कोरिरहदा अवलोकन गरी सहजीकरण गर्ने र विद्यार्थीले बनाएका चित्र हेरी तत्काल पुरस्कृत गर्ने	६
	• कागज र कपडा पट्याएर र टाँसेर सामान्य खेलौना बनाउन	• कागज र कपडाका टुक्रा पट्याएर र टाँसेर सामान्य खेलौना निर्माण	• विद्यार्थीलाई समूहमा बसेर कागज र कपडाका टुक्रा पट्याएर र टाँसेर सामान्य खेलौना बनाउन नमुना देखाउँदै अभ्यास गराउने	• विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्ने र विद्यार्थीको सामग्री हेरी तत्काल प्रोत्साहन गर्ने	६
	• खेर जाने कागज, प्लास्टिक, बोतल आदिबाट सामान्य उपयोगका वस्तु बनाउन	• खेर जाने कागज, प्लास्टिक, बोतल आदिबाट सामान्य उपयोगका वस्तु निर्माण	• विद्यार्थीलाई समूहमा बसेर खेर जाने कागज, प्लास्टिक, बोतल आदिबाट सामान्य उपयोगका वस्तु बनाउन नमुना देखाउदै अभ्यास गराउने	• विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्ने र विद्यार्थीको सामग्री हेरी तत्काल प्रोत्साहन गर्ने	६

९. विपत् व्यवस्थापन	• भूकम्प र स्थानीय विपत्बाट बच्न पूर्वाभ्यास गर्न	विपत्बाट बच्ने उपायको पूर्वाभ्यास	• विद्यार्थीहरूलाई विपत्बाट बच्ने उपायको पूर्वाभ्यास गराउने • विपत्का समयमा के के गर्नुपर्छ भनी चित्र र भिडियो देखाएर सिकाउने	• पूर्वाभ्यासका समयमा विद्यार्थीको क्रियाकलाप हेरेर आवश्यक पृष्ठपोषण दिने	१०
				जम्मा	१६०

कक्षा २ को विषयवस्तु विस्तृतीकरण :

कक्षा २ का बालबालिकाहरूका लागि विषयवस्तुको विस्तृतीकरण यस प्रकार रहेको छ :

विषय क्षेत्र	सिकाइ उपलब्धि	विषय वस्तुको विस्तृतीकरण	शिक्षण सिकाइ क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	पाठ्य घण्टी
१. गोदावरी नगरपालिकाको परिचय	• नगरपालिकाको नाम, आफू बसेको वडा नम्बर र गाउँ टोल सहितको ठेगाना बताउन • वडको मुख्य विशेषता बताउन • नगर प्रमुख र उपप्रमुखको नाम र पहिचान	• नगरपालिकाको नाम, आफू बसेको वडा नम्बर, वडाको मुख्य विशेषता • वडाको नक्सा • नगर प्रमुख र उपप्रमुखको नाम र पहिचान	• आफ्नो वडा कार्यालयको चित्र वा फोटो र वडाको पहिचान जनाउने मुख्य ठाउँको चित्र वा फोटो वा भिडियो प्रदर्शन गर्दै वडाको सामान्य जानकारी गराउने • नगर प्रमुख र उपप्रमुखको फोटो प्रदर्शन गरी परिचय गराउने • आफ्नो वडाको नक्सा प्रस्तुत गर्दै त्यस वडामा के के छन् भनी जानकारी गराउने	• चित्र देखाइ वडा कार्यालय भवन पहिचान गर्न लगाउने • प्रमुख र उपप्रमुखको नाम सोध्ने र फोटो देखाएर पहिचान गर्न लगाउने • वडाको नक्सामा विभिन्न स्थान पहिचान गर्न लगाउने • वडाका विशेषता झल्कने चित्र देखाइ पहिचान गर्न लगाउने	१२
२.गोदावरीको प्राकृतिक सम्पदा	• विद्यार्थीको वडामा रहेका प्राकृतिक सम्पदा पहिचान गर्न	• विद्यार्थीको वडामा रहेका प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, फाँट)	• विद्यार्थीको वडामा रहेका वन, खोला, डाँडा, फाँट आदिको फोटो, भिडियो प्रदर्शन गर्दै ती सम्पदा के काम लाग्छ ? त्यहाँ गएको छ कि छैन भन्ने प्रश्नहरू गर्दै छलफल गर्ने । • कक्षा बाहिर लगी विद्यालय नजिकका त्यस्ता सम्पदा देखाएर वा भ्रमण गराएर छलफल गर्ने • रेखाङ्कित चित्र दिएर खोला, वन, पहाड आदिको चित्र बनाउन र रङ भर्न लगाउने • वडामा रहेका सुरक्षित प्राकृतिक सम्पदा स्थलको भ्रमण गराउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर वर्णन गर्न लगाउने • विद्यार्थीले बनाएको चित्र हेरी सहजीकरण गर्ने र ती चित्रको प्रदर्शन गरी प्रोत्साहन गर्ने	१२

३.गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा	• विद्यार्थीको वडामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो) को पहिचान गर्न	• विद्यार्थीको वडामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो) • आफ्नो समुदायको धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन	• विद्यार्थीको वडामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो आदिको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने) • विद्यार्थीको वडामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा मठ, मन्दिर, पाटी, चौतारो आदि मध्ये केही स्थानको अवलोकन भ्रमण गराउने र सामान्य सरसफाइमा पनि सरिक गराउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	१५
४.गोदावरीको सांस्कृतिक सम्पदा	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित चाडपर्वका गतिविधि बताउन	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित चाडपर्व	• विद्यार्थीको समुदाय र आसपासमा मनाइने चाडपर्वको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको समुदाय र आसपासमा मनाइने चाडपर्वका सम्बन्धमा भूमिका अभिनय गराउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	१०
	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित परम्परागत लोक बाजा पहिचान गर्न र बजाउन	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित परम्परागत लोक बाजा	• विद्यार्थीको समुदाय र आसपासमा बजाइने परम्परागत लोक बाजाको चित्र, फोटो, भिडियो वा वास्तविक बाजा प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको समुदाय र आसपासमा बजाइने परम्परागत लोक बाजा बजाउने सामान्य अभ्यास गराउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर वर्णन गर्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	१०
	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित परम्परागत खानेकुरा पहिचान गर्न र बनाउन	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित परम्परागत खानेकुरा	• विद्यार्थीको समुदायमा खाइने परम्परागत खानेकुराको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको समुदायमा खाइने परम्परागत खानेकुरा प्रदर्शन गरी खुवाउने • परम्परागत खानेकुरा बनाउने काममा विद्यार्थीले सक्ने काम गर्न लगाउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	८

	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित परम्परागत पहिरन पहिचान गर्न	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित परम्परागत पहिरन	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित परम्परागत पहिरनको चित्र, फोटो, भिडियो वा वास्तविक पहिरन प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीलाई परम्परागत पहिरन लगाइदिएर पहिरन प्रदर्शनी गर्ने ।	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	७
५.गोदावरीको भाषा साहित्य	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित भाषाका सामान्य शब्दार्थ (नेवार, तामाङ, नगरकोटी, दनुवार अन्य)	• विद्यार्थीको समुदाय र आसपासमा प्रचलित भाषाका सामान्य शब्दार्थ (नेवार, तामाङ, नगरकोटी, दनुवार अन्य) • स्थानीय स्तरमा प्रचलित कथा	• विद्यार्थीको समुदाय र आसपासमा बोलिने प्रचलित भाषाका सामान्य शव्द बोल्न लगाउने । • त्यस्ता शव्दको नेपाली वा अङ्ग्रेजी अर्थ भन्न लगाउने • स्थानीय स्तरमा प्रचलित कथा सुनाउने	• शव्दको उच्चारण, अर्थ र स्मरण कत्तिको गर्न सक्छन् भनी परीक्षण गर्ने	२२
६. आयआर्जन	• स्थानीय पेसाको परिचय दिन	• स्थानीय पेसाको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग)	• विद्यार्थीको समुदायमा कुन कुन पेसा गरिन्छ भनी प्रश्नोत्तर गर्दै र विभिन्न पेसा झल्कने फ्लास कार्ड प्रदर्शन गर्दै छलफल गर्ने । • विद्यालय नजिकका पेसाकर्मीसँग भेटघाट गरी उनीहरूका कामको अवलोकन गर्न लगाउने	• पेशाका चित्रपत्ति पहिचान गर्न लगाउने • विद्यार्थीले अवलोकनबाट सिकेका कुराको बारेमा सोध्ने	८
	• करेसाबारीमा बिरुवा रोप्न, उमार्न र हेरचाह गर्न	• करेसाबारी/कौसी/ गमलामा फूल र तरकारीका बिरुवा रोप्ने, उमार्ने, हेरचाह गर्ने र उपयोग गर्ने	• विद्यार्थीलाई करेसाबारी वा गमलामा छिटो हुर्कने तरकारी वा फूलका बिरुवा रोप्न, पानी हाल्न र हेरबिचार गर्न सिकाउने । • आफूले रोपेको बिरुवामा फलेको फूल, फल वा तरकारीको उपयोग गर्न सिकाउने ।	• विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गर्ने	१०

७. स्वस्थ जीवनशैली	• स्थानीय खेल खेल्न • व्यक्तिगत सरसफाइ गर्न • स्वस्थ खानेकुरा खान	• स्थानीय खेल • व्यक्तिगत सरसफाइ (नाक, आँखा, अनुहार, हात, कपाल, नङ, कपडा) • स्वस्थ खानेकुरा	• विद्यार्थीलाई स्थानीय खेल खेल्ने तरिका सिकाउँदै खेलाउने (जस्तै : गट्टा, गामचाली, आदि) • विद्यार्थीलाई लाइनमा राखी नङ, नाक, अनुहार, हात खुट्टा, कपडा कपाल आदिको सरसफाइ भए नभएको हेरी तत्काल सुधार गरिदिने • मिचिमिची हात धुने अभ्यास गराउने • स्वस्थकर र अस्वस्थकर खानेकुराको चित्र, भिडियो, चार्ट वा वास्तविक खानेकुरा देखाइ स्वस्थकर खनेकुरा मात्र खानुपर्छ भनी सिकाउने	• खेलमा आवश्यक सहजीकरण गर्ने • सरसफाइको अवस्था हेरी सहयोग गर्ने • राम्रो सरसफाइ भएका विद्यार्थीलाई प्रोत्साहन गर्ने	९
	• सभ्य बोलीवचन गर्न • सामान्य व्यायाम गर्न	• सभ्य बोलीवचन • सामान्य व्यायाम	• सभ्य बोलीवचनका तरिका र शब्दहरू सिकाउने र बोल्ने अभ्यास गराउने • सामान्य व्यायामको अभ्यास गराउने	• सभ्य बोलीवचन गरे नगरेको हेरी आवश्यक प्रोत्साहन गर्ने • व्यायाम सही तरिकाले गरे नगरेको हेर्ने	६
	• आफ्ना कपडा पट्याउन	• आफ्ना कपडा पट्याउने अभ्यास	• नमुना देखाइ विद्यार्थीलाई विभिन्न प्रकारका कपडा पट्याउने अभ्यास गराउने	• विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्ने	३
८. आधारभूत व्यावसायिक सीप	• चित्र कोर्न र रङ लगाउन	• रङ लगाउने अभ्यास • चित्र कोर्ने अभ्यास	• विद्यार्थीहरूलाई नमुना देखाइ चित्र कोर्न अभ्यास गराउने • चित्रमा आफू खुसी रङ भर्न लगाउने	• विद्यार्थीले चित्र कोरिरहँदा र रङ लगाइरहँदा अवलोकन गरी सहजीकरण गर्ने • विद्यार्थीले बनाएका र रङ लगाएका चित्र हेरी तत्काल प्रोत्साहित गर्ने	६
	• कागज पट्याएर र टाँसेर सामान्य खेलौना बनाउन	• कागजका र कपडाका उपयोगी वस्तु निर्माण	• विद्यार्थीलाई समूहमा बसेर कागज तथा कपडा पट्याएर र टाँसेर सामान्य खेलौना बनाउन नमुना देखाउदै अभ्यास गराउने	• विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्ने र विद्यार्थीका सामग्री हेरी तत्काल प्रोत्साहन गर्ने	६
	• खेर जाने कागज, प्लास्टिक, बोतल आदिबाट सामान्य उपयोगका वस्तु बनाउन	• खेर जाने कागज, प्लास्टिक, बोतल आदिबाट सामान्य उपयोगका वस्तु निर्माण	• विद्यार्थीलाई नमुना देखाउदै समूहमा बसेर खेर जाने कागज, प्लास्टिक, बोतल आदिबाट सामान्य उपयोगका वस्तु बनाउन अभ्यास गराउने	• विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्ने र विद्यार्थीको सामग्री हेरी तत्काल प्रोत्साहन गर्ने	६

९. विपत् व्यवस्थापन	• भूकम्प र स्थानीय विपत्बाट बच्न पूर्वाभ्यास गर्न (अनुसूची ७ बाट हेर्ने)	• भूकम्प र स्थानीय विपत्बाट बच्न पूर्वाभ्यास (अनुसूची ७ बाट हेर्ने)	• विद्यार्थीहरूलाई विपत्बाट बच्ने उपायको पूर्वाभ्यास गराउने • विपत्का समयमा के के गर्नुपर्छ भनी चित्र र भिडियो देखाएर सिकाउने	• पूर्वाभ्यासका समयमा विद्यार्थीको क्रियाकलाप हेरेर आवश्यक पृष्ठपोषण दिने	१०
				जम्मा	१६०

कक्षा ३ को विषयवस्तु विस्तृतीकरण :

कक्षा ३ का बालबालिकाहरूका लागि विषयवस्तुको विस्तृतीकरण यस प्रकार रहेको छ।

विषय क्षेत्र	सिकाइ उपलब्धि	विषय वस्तुको विस्तृतीकरण	शिक्षण सिकाइ क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	पाठ्य घण्टी
१. गोदावरी नगरपालिकको परिचय	• नगरपालिकाको सिमाना र वडासङ्ख्या बताउन • नगरपालिकाको वडा-सहितको नक्सा अध्ययन गर्न • नगरपालिकाले गर्ने सामान्य काम बताउन	• नगरपालिकाको मुख्य विशेषता, सिमाना र वडा सङ्ख्या, • नगरपालिकाको वडा सहितको नक्सा • नगरपालिकाका पदाधिकारीको सामान्य जानकारी • नगरपालिकाले गर्ने सामान्य काम	• नगरपालिकाको नक्सा प्रदर्शन गर्दै यसका वरिपरिको सिमानामा के के छन् भनी छलफल गराउने • नगरपालिकाको वडा सहितको नक्सा प्रदर्शन गर्दै कतिओटा वडा छन् भनी छलफल गराउने • चार्ट र चित्र प्रदर्शन गर्दै नगरपालिकाका पदाधिकारीको सामान्य जानकारी गराउने • नगरपालिकाले गर्ने सामान्य कामसँग सम्बन्धित चित्र, फोटो, भिडियो, सूची प्रदर्शन गर्दै छलफल गर्ने	• नगरको सिमानामा कुन दिशामा के के छन् भनी प्रश्न सोध्ने • नक्सा देखाई वडा पहिचान गर्न लगाउने • नगरपालिकाले गर्ने कार्य सम्बन्धी प्रश्न सोध्ने	१२

२.गोदावरीको प्रकृतिकसम्पदा	• नगरपालिकामा रहेका प्राकृतिक सम्पदा पहिचान गर्न	• नगरपालिकामा रहेका मुख्य पाँच प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, फाँट) • आफ्नो वडाको प्राकृतिक सम्पदाको अवलोकन	• नगरपालिकामा रहेका मुख्य पाँचओटा प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, फाँट आदिको फोटो, भिडियो प्रदर्शन गर्दै ती सम्पदा के काम लाग्छन् ? त्यहाँ गएको छ कि छैन भन्ने प्रश्नहरू गर्दै छलफल गर्ने • विद्यालय नजिकका कुनै सुरक्षित सम्पदा भ्रमण गराएर त्यसका बारेमा टिपोट गर्न लगाउने र कक्षामा प्रस्तुत गरी छलफल गर्ने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीका कार्य हेरी सहजीकरण गर्ने	१२
३.गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा	• नगरपालिकामा रहेका मुख्य पाँच धार्मिक तथा ऐतिहासिक सम्पदा पहिचान गर्न र तिनको संरक्षण कार्यमा सहभागी हुन (मठ, मन्दिर, पाटी)	• नगरपालिकामा रहेका मुख्य पाँच धार्मिक तथा ऐतिहासिक सम्पदा र तिनको संरक्षण (मठ, मन्दिर, पाटी, गुम्बा आदि)	• नगरपालिकामा रहेका मुख्य पाँच धार्मिक तथा ऐतिहासिक सम्पदा मठ, मन्दिर, पाटी, चौतारो आदिको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने • कुनै एक धार्मिक तथा ऐतिहासिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो आदि मध्ये केही स्थानको अवलोकन भ्रमण गराउने र सामान्य सरसफाइमा पनि सरिक गराउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर भन्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	१५
४.गोदावरीको सांस्कृतिक सम्पदा	• विद्यार्थीको वडामा प्रचलित चाडपर्वका गतिविधि बताउन	• वडामा प्रचलित चाडपर्व	• विद्यार्थीको वडामा मनाइने चाडपर्वको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको वडामा मनाइने चाडपर्वका सम्बन्धमा भूमिका अभिनय गराउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर वर्णन गर्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	८
	• विद्यार्थीको वडामा प्रचलित परम्परागत लोक बाजा पहिचान गर्न र बजाउन	• वडामा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत लोक बाजा, नृत्य, गीत)	• विद्यार्थीका वडा र आसपासमा बजाइने परम्परागत लोक बाजाको चित्र, फोटो, भिडियो वा वास्तविक बाजा प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको वडामा बजाइने परम्परागत लोक बाजा बजाउने सामान्य अभ्यास गराउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर पहिचान गर्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	१०

	• विद्यार्थीको वडामा प्रचलित परम्परागत खानेकुरा पहिचान गर्न र बनाउन	• वडामा प्रचलित परम्परागत खानेकुरा	• विद्यार्थीको वडामा खाइने परम्परागत खानेकुराको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीको वडामा खाइने खानेकुरा प्रदर्शन गरी खुवाउने • खानेकुरा बनाउने काममा विद्यार्थीले सक्ने काम गर्न लगाउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर उत्तर भन्न लगाउने • विद्यार्थीले गरेको कार्य हेरी सहजीकरण गर्ने	७
	• विद्यार्थीको वडामा प्रचलित परम्परागत पहिरनको पहिचान गर्न	• विद्यार्थीको वडामा प्रचलित सांस्कृतिक सम्पदा परम्परागत पहिरन	• विद्यार्थीको वडामा प्रचलित परम्परागत सांस्कृतिक पहिरनको चित्र, भिडियो वा वस्तविक लुगा कपडा, पुतली प्रदर्शन गर्दै छलफल गर्ने • विद्यार्थीलाई परम्परागत पहिरन लगाई प्रदर्शन गर्न लगाउने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर उत्तर भन्न लगाउने	५
	• विद्यार्थीको वडामा प्रचलित परम्परागत सांस्कृतिक भाँडाकुँडाको पहिचान गर्न	• नगरपालिकामा प्रचलित स्थानीय परम्परागत भाँडाकुँडा	• नगरपालिकामा प्रचलित परम्परागत सांस्कृतिक भाँडाकुँडाको चित्र, भिडियो वा वास्तविक वस्तु प्रदर्शन गर्दै छलफल गर्ने	• विद्यार्थीलाई छोटा प्रश्न सोधेर वा चित्र देखाएर उत्तर भन्न लगाउने	५

५.गोदावरीको भाषा साहित्य	• गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये नगरकोटी जाति र भाषाको परिचय दिन	• गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये नगरकोटी जाति र भाषाको परिचय (ऐतिहासिक पृष्ठभूमि, जाति, स्थान) • नगरकोटी भाषाको सामान्य शब्दार्थ र वाक्य • नगरकोटी भाषाका गीत कविता • नगरकोटी समुदायमा प्रचलित कथा, उखान टुक्का • नगरपालिकामा प्रचलित स्थानीय क्षेत्रसँग सम्बन्धित ऐतिहासिक तथा धार्मिक कथा	• गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये नगरकोटी जाति र भाषाको (ऐतिहासिक पृष्ठभूमि, जाति, स्थान) परिचय गराउने चित्र, फोटो, भिडियो, अडियो प्रस्तुत गर्दै परिचय गराउने • नगारकोटी भाषाको सामान्य शब्दार्थ र वाक्यको अभ्यास गराउने • नगरकोटी भाषाका गीत कविता सुनाएर गाउन लगाउने • नगरकोटी समुदायमा प्रचलित कथा, उखान टुक्का सुनाउने • नगरपालिकामा प्रचलित स्थानीय क्षेत्रसँग सम्बन्धित ऐतिहासिक तथा धार्मिक कथा प्रस्तुत गर्ने	• शव्दको उच्चारण, अर्थ र स्मरण कत्तिको गर्न सक्छन् भनी परीक्षण गर्ने • छोटा प्रश्न सोधी छलफल गर्ने	२२
६. आयआर्जन	• स्थानीय वडामा प्रचलित पेसा, व्यवसायको परिचय दिन	• स्थानीय वडामा प्रचलित पेसा, व्यवसायको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग)	• विद्यार्थीको वडामा कुन कुन पेसा गरिन्छ भनी प्रश्नोत्तर गर्दै र विभिन्न पेसा झल्कने फ्लास कार्ड प्रदर्शन गर्दै छलफल गर्ने • विद्यालय नजिकका पेसाकर्मीसँग भेटघाट गरी उनीहरूका कामको अवलोकन गर्न लगाउने र अवलोकनमा देखेका कुराको टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने	• स्थानीय पेशाका चित्रपत्ति पहिचान गर्न लगाउने • विद्यार्थीले अवलोकनबाट सिकेका कुराको बारेमा प्रश्न सोध्ने	८
	• करेसाबारी/कौसी/गमलामा छिटो हुर्कने फूल र तरकारीका बिरुवा रोप्न, उमार्न र गोडमेल गर्न • तरकारी, फूल, फल टिपेर उपयोग तथा बिक्री गर्न	• करेसाबारी/कौसी/ गमलामा छिटो हुर्कने फूल र तरकारीका बिरुवा रोप्न, उमार्न र गोडमेल गर्ने • तरकारी, फूल, फल टिपेर उपयोग गर्ने वा बिक्री गर्ने	• करेसाबारी/कौसी/गमलामा छिटो हुर्कने फूल र तरकारीका बिरुवा रोप्न, उमार्न र गोडमेल गर्ने कार्यमा संलग्न गराउने • तरकारी, फूल, फल टिपेर उपयोग गर्ने वा बिक्री गर्ने कार्यको अभ्यास गराउने	• विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गर्ने	१०

७. स्वस्थ जीवनशैली	• स्थानीय खेल खेल्न • सामान्य योगासन गर्न • सामान्य व्यायाम गर्न	• स्थानीय खेल • सामान्य योगासन • सामान्य व्यायाम	• विद्यार्थीलाई स्थानीय खेल खेल्ने तरिका सिकाउदै खेलाउने • योगका सामान्य आसनहरूको अभ्यास गराउने • सामान्य व्यायामको अभ्यास गराउने	• खेल, व्यायाम र योगासनका नियम पालना गरे नगरेको आधारमा अवलोकन गरी आवश्यक सहजीकरण गर्ने	९
	• घर र कक्षाको सरसफाइ गर्न • सभ्य बोलीवचन गर्न	• घर र कक्षाको सरसफाइ • सभ्य बोलीवचन	• विद्यार्थीलाई लाइनमा राखी नङ, नाक, अनुहार, हात खुट्टा, कपडा, कपाल आदिको सरसफाइ भए नभएको हेरी तत्काल सुधार गरिदिने • घर र कक्षा कोठा, आफ्ना कपडा, जुत्ता आदिको सरसफाइका तरिका सिकाउने • सभ्य बोलीवचनका तरिकाहरू सिकाइ अभ्यास गराउने	• सरसफाइको अवस्था हेरी सहयोग गर्ने • राम्रो सरसफाइ गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्ने • विद्यार्थीको बोलीवचन हेरी सहजीकरण गर्ने	६
	• आफ्ना कपडा पट्याउन	• कपडा पट्याउने, जुत्तामा ब्रस गर्ने,	• नमुना देखाइ विद्यार्थीलाई विभिन्न प्रकारका कपडा पट्याउने, जुत्तामा ब्रस गर्ने अभ्यास गराउने	• विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्ने	३
८. आधारभूत व्यावसायिक सीप	• कागज र प्लास्टिकबाट सजावटका वस्तु तथा खेलौना बनाउन	कागज र प्लास्टिकका सजावटका वस्तु तथा खेलौना निर्माण	• विद्यार्थीलाई समूहमा बसेर खेर जाने कागज, प्लास्टिक, बोतल आदिबाट सामान्य सजावटका वस्तु बनाउन नमुना देखाउँदै अभ्यास गराउने	• विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्ने • विद्यार्थीको सामग्री हेरी तत्काल प्रोत्साहन गर्ने	१२
.	• सामान प्याकेजिङ गर्न	• सामान प्याकेजिङ	• नमुना देखाइ सामान प्याकेजिङ् गर्ने अभ्यास गराउने ।	• विद्यार्थीले सही तरिकाले समान प्याकेजिङ गर्ने सीप जाने नजानेको अवलोकन गरी सहजीकरण गर्ने	६
९. विपत् व्यवस्थापन	• स्थानीय विपत्को परिचय दिन • विपत्बाट बच्नको लागि पूर्वाभ्यास गर्न • सुरक्षित र असुरक्षित स्थान पहिचान गर्न	• स्थानीय विपत्को परिचय • विपात्बाट बच्न पूर्वाभ्यास • सुरक्षित र असुरक्षित स्थान पहिचान	• चित्र र भिडियो प्रदर्शन गर्दै स्थानीय विपत्को परिचय दिने • विद्यार्थीहरूलाई विपत्बाट बच्ने उपायको पूर्वाभ्यास गराउने • चित्र र भिडियो देखाई सुरक्षित र असुरक्षित स्थानको बारेमा छलफल गर्ने	• छोटा प्रश्न सोध्ने • पूर्वाभ्यासका समयमा विद्यार्थीको क्रियाकलाप हेरेर आवश्यक पृष्ठपोषण दिने	१०
				जम्मा	१६०

सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय पाठ्यक्रम तहगत पाठ्यक्रमकै एक अंश भएको हुनाले यसको शिक्षण सिकाइ सहजीकरण प्रक्रिया पनि सामान्यतयः अन्य विषयकै जस्तो हो तर स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ प्रक्रियामा बालकेन्द्रित, बालमैत्री सामग्री केन्द्रित प्रयोगात्मक र परियोजनामा आधारित पद्धति अपनाउनुपर्दछ। यो पाठ्यक्रम शिक्षण सिकाइका लागि अपनाउन सकिने सिकाइ सहजीकरणका विधि तथा क्रियाकलापहरू यस प्रकार रहेका छन् :

छलफल

विभिन्न विषयमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ। निरन्तर, सक्रिय र उच्च सहभागिताबाट नै छलफललाई प्रभावकारी बनाउन सकिन्छ। स्थानीय पेसाकर्मीहरूलाई पनि कक्षाकोठामा स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी छलफल र अन्तरक्रिया गर्न सकिन्छ। जोडी छलफल, समूह छलफल, सामग्री छलफल, खुला छलफल जस्ता विधिहरू आवश्यकताअनुसार अवलम्बन गर्न सकिन्छ।

प्रदर्शन

शिक्षक, विद्यार्थी र सरोकारवालाबाट विभिन्न सामग्री सङ्कलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी भई गरिएको प्रदर्शनीहरू अवलोकन गराउने र त्यसबारेमा छलफल गर्ने जस्ता क्रियाकलाप सञ्चालन गर्न सकिन्छ। कक्षाकोठामा विषयवस्तुसँग सम्बन्धित सामग्री वा क्रियाकलापको प्रदर्शन गर्दै शिक्षण गर्न सकिन्छ। विषयवस्तुसँग सम्बद्ध चित्र, तस्विर, भिडियो क्लिप्स, वास्तविक वस्तु, चार्ट आदि प्रदर्शन गर्दै छलफल गराउन सकिन्छ।

अवलोकन भ्रमण

विद्यार्थीहरूलाई विभिन्न स्थानहरू जस्तैः व्यावसायिक कार्यहरू, व्यापारिक क्षेत्र, कृषि व्यवसाय, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरूको भ्रमण गराउन सकिन्छ । यस क्रियाकलापले बालबालिकामा स्थानीय विषयवस्तुको प्रत्यक्षीकरणमा मद्दत पुग्दछ।

परियोजना कार्य

शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्गका रूपमा परियोजना कार्य गराउने गरिन्छ। यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नुपर्दछ। त्यस्तो खाका बनाउदा के गर्ने? किन गर्ने? कसरी गर्ने? कसले गर्ने? खर्च कति लाग्ने? जस्ता विषयमा पहिले नै सोच्नुपर्छ। गरेर सिक्ने कार्यलाई यो विधिले जोड दिएको हुन्छ। छोटा परियोजनाकार्यहरू पनि गराउन सकिन्छ।

प्रयोगात्मक कार्य

पाठ्यक्रमले बढी भन्दा बढी व्यावहरिक ज्ञान र व्यावसायिक सीपको विकास गराउन खोजेको हुँदा विद्यार्थीलाई प्रयोगात्मक कार्यमा संलग्न गराउनुपर्दछ। कृषिका लागि विद्यालयमा नै करेसाबारी तयार पार्नुपर्दछ। विपत् व्यवस्थापनका कार्यको पनि प्रयोगात्मक र भूमिका अभिनय विधिका माध्यमबाट शिक्षण गर्नुपर्दछ।

प्रस्तुत सिकाइ सहजीकरण क्रियाकलापका साथसाथै सिकाइ सहजीकरणमा निम्न कुराहरूमा जोड दिनुपर्दछ :

१. सिकाइ सहजीकरण विधि न्यूनतम सैद्धान्तिक र अधिकतम् व्यावहारिक तथा प्रयोगात्मक हुनेछ। शिक्षण

सिकाइमा प्रभावकारिताका लागि गीत, कविता, कथा जस्ता विधाहरू प्रयोग गर्नुपर्ने छ ।

२. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्तक र खोजकर्ताका रूपमा बालबालिकासमक्ष प्रस्तुत हुनुपर्नेछ।

३. यस विषयको शिक्षण सिकाइ प्रक्रियामा विद्यालय र समुदायबिच सहकार्य गर्नुपर्नेछ। स्थानीय समुदायमा भइरहेका आर्थिक तथा सामाजिक अभ्यासहरूलाई सिकाइको प्रमुख स्रोत बनाउनुपर्नेछ । जस्तैः बालबालिकालाई तरकारी खेतीका बारेमा शिक्षकले मात्र नभई स्थानीय कृषकले सिकाउने वातावरण तयार गर्नुपर्नेछ।

४. व्यक्तिगतभन्दा सामूहिक सिकाइ र सामूहिक मूल्याङ्कनलाई कार्यान्वयन गर्नुपर्नेछ।

५. बालबालिकाहरूको शिक्षण सिकाइ अनुभवकेन्द्रित र दैनिक जीवनसँग विषयवस्तुको तालमेल गराउनुपर्छ।

सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको भूमिका

सिकाइ कक्षाकोठामा मात्र सीमित हुँदैन। बालबालिकाले परिवार, समुदाय, साथी, वातावरण तथा विभिन्न मिडियाबाट आकस्मिक, अनौपचारिक तथा औपचारिक तवरबाट सिकिरहेका हुन्छन् । यस पाठ्यक्रमले विद्यार्थीहरूको अनौपचारिक अनुभवहरूलाई औपचारिक सिकाइ कार्यक्रममा जोड्ने प्रयास गर्दछ। यस पाठ्यक्रमले विद्यार्थीहरूलाई जीवनोपयोगी सीप विकासका साथसाथै अर्थपूर्ण, प्रभावकारी र दिगो सिकाइमा मदत गर्दछ । यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न शिक्षकको मात्र पूर्ण अभिभारा नभई बालबालिकाहरूले सिक्ने स्थलहरू जस्तैः परिवार, साथी, सरकारी तथा गैरसरकारी संस्थाहरू, स्वावलम्बी समूहहरू तथा व्यक्तिहरू आदिको भूमिका महत्त्वपूर्ण रहन्छ। यसका लागि शिक्षकले आफूलाई विषयवस्तुको ज्ञाता भन्दा सिकाइको सहजकर्ता, सामग्रीको स्रोत, कक्षाकोठाको व्यवस्थापक जस्ता भूमिकामा उभ्याउनुपर्दछ। विद्यालयले समुदायको विज्ञतालाई विद्यार्थीको सिकाइका निम्ति उचित रूपमा प्रयोग गर्नुपर्दछ । यस स्थानीय पाठ्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी र बलियो बनाउन शिक्षकको भूमिका निम्नानुसार हुनु आवश्यक हुन्छ ः

१. **सिकाइ व्यवस्थापकको रूपमा शिक्षक**

शिक्षकले विद्यार्थीको सिकाइमा कक्षाकोठालाई मात्र प्रयोग नगरेर तथ्य विषयवस्तु विद्यार्थीमा प्रसारण गर्न परिवार र समुदायमा जोडेर सिकाइलाई व्यवस्थित बनाउन सकिन्छ। यसका लागि उचित सामग्रीको व्यवस्था, अभिभावक र समुदायका जानकार व्यक्तिलाई आमन्त्रण, सामुदायिक स्रोतको पहिचान जस्ता कार्य गर्नुपर्दछ।

२. **सामग्रीको स्रोतका रूपमा शिक्षक**

सामग्रीले सिकाइलाई दिगो र प्रभावकारी बनाउने कुरा सर्वविदितै छ। त्यसैले कक्षाकोठामा सिकाइ सामग्रीलाई जानकारी, तथ्य, प्रक्रिया र प्रत्यक्ष प्रयोगका साथ सिकाउनुपर्दछ। यस पाठ्यक्रममा राखिएका जानकारीमूलक तथ्यहरूको चित्र/फोटो व्यवस्थापन गर्ने, विषयवस्तुका भिडियो क्लिपहरू तयार गर्ने आदि कुरामा शिक्षकले तयारी गर्नुपर्छ।

३. **कक्षाकोठा व्यवस्थापकको रूपमा शिक्षक**

सिकाइका क्रममा शिक्षकले मात्र सामग्री तथा विधिको छनोट गर्नुपर्छ भन्ने छैन । विद्यार्थीहरूसँग पहिले नै उक्त सिकाइसँग काम लाग्ने अनुभव हुन सक्छन् । ती अनुभवहरूलाई कक्षाकोठामा आदानप्रदान गर्ने अवसर दिनुपर्दछ। विद्यार्थीहरूका विविध अनुभवहरूलाई प्राथमिकता दिनुपर्दछ। जसले सिकाइ व्यवस्थापन सहज र सरल बन्छ। विद्यार्थी र अभिभावकलाई पनि सामग्री निर्माणमा सहभागी गराउनुपर्दछ।

४. **विज्ञता व्यवस्थापकका रूपमा शिक्षक**

विद्यालयले विषयवस्तुसँग सम्बन्धित विज्ञहरूको व्यवस्थापन गर्न सक्नुपर्दछ । विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरू जस्तैः विद्यालय व्यवस्थापन, प्रशासन, सरकारी निकायहरू, सामाजिक संस्थाहरू, सामुदायका व्यक्तिहरू, अभिभावकहरू जो पाठ्यक्रमको विषयवस्तुसँग परिचित र विज्ञता हासिल गरेका हुन सक्छन्, उनीहरूको सिकाइमा सक्रिय सहयोगले यस पाठ्यक्रममा परिकल्पना गरेबमोजिम विद्यार्थीहरूको सिकाइ प्रभावकारी हुन सक्दछ । त्यसैले समय समयमा समुदायका व्यक्तिहरूलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी सहकार्यको वातावरण तयार गर्नुपर्छ ।

विद्यार्थी मूल्याङ्कन

वर्तमान पाठ्यक्रमले आधारभूत तहसम्म विद्यार्थी मूल्याङ्कनमा निर्माणात्मक र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ । हाम्रो गोदावरी विषयमा विद्यार्थी मूल्याङ्कनका विधिहरू देहायअनुसार हुने छन् ः

१. कक्षा १ देखि ३ सम्म पूर्णरूपमा निरन्तर तथा निर्माणात्मक मूल्याङ्कन पद्दति लागू गरिने छ । कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत आवधिक र ५० प्रतिशत निरन्तर तथा निर्माणात्मक मूल्याङ्कनमा आधारित अन्तरिक मूल्याङ्कन पद्दतिबाट बालबालिकाहरूको सिकाइ उपलब्धि मापन गरिने छ ।

२. निरन्तर मूल्याङ्कन पद्दतिमा विद्यार्थीको नियमित उपस्थिति, कक्षा कार्यमा सहभागिता, अध्ययन भ्रमण, परीयोजना र प्रयोगात्मक कार्यहरू, अनुभव प्रस्तुति, मौखिक र लिखित कार्यहरू, अभिभावकको प्रतिक्रिया तथा सिकाइ व्यवहारमा सुधार भएको अवस्थाको आधारमा मूल्याङ्कन गरिने छ ।

३. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

४. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित सक्षमता हासिल गराउनुपर्छ ।

५. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सीप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

६. मूल्याङ्कन पश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटक पटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

७. बालबालिकाका विविध क्षमताअनुसार उपयुक्त मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिने छ ।

८. विद्यार्थीहरूको मूल्याङ्कनको व्यक्तिगत प्रगति विवरणको कार्यसञ्चयिका (portfolio) अद्यावधिक गरी राख्नु पर्नेछ ।

कक्षा १ देखि ३ सम्मको मूल्याङ्कन अङ्कभार

मूल्याङ्कन समय / अवधि	सकाइ उपलब्धि (प्रतिशत)	सिकाइ उपलब्धि (प्रतिशत)	कक्षा सहभागिता (प्रतिशत)	व्यवहार कुशल सिप (प्रतिशत)	नियमितता (प्रतिशत)	कूल जम्मा (प्रतिशत)
प्रथम त्रैमासिक परीक्षा	१०	१०	५	५	३	३०
दोस्रो त्रैमासिक परीक्षा	१०	१०	५	५	३	३०
तेस्रो त्रैमासिक परीक्षा	१०	१०	५	५	४	४०
अन्तिम नतिजा परीक्षा	३०	३०	१५	१५	१०	१००

सिकाइ उपलब्धिअन्तर्गत अङ्क तयार पार्दा पाठ्यक्रममा तोकिएका सिकाइ उपलब्धि के कति हासिल भयो भनी कक्षामा दैनिक अवलोकनका आधारमा तयार पारिएको निरन्तर मूल्याङ्कन फारामबाट र आवधिक रूपमा गरिने परीक्षाबाट प्राप्ताङ्कलाई जोडेर तयार पार्नुपर्छ।

१. विद्यार्थीले गरेका परियोजना कार्य र सिर्जनात्मक कार्य एवम् प्रयोगात्मक कार्यको अभिलेख राखी श्रेणी मापन र रूजुसूची फारमको प्रयोग गरेर मूल्याङ्कन गर्नु पर्छ।

२. कक्षा सहभागिताअन्तर्गत् कक्षा क्रियाकलापमा सक्रियता र कार्य सम्पन्नताका आधारमा मूल्याङ्कन गर्नुपर्छ।

३. व्यवहार कुशल सीपअन्तर्गतका बोलीवचन, अनुशासन, मेलमिलाप, सहकार्य, समालोचनात्मक सोचाइ, समस्या समाधान, निर्णय सीप आदिको अवस्थाका आधारमा मूल्याङ्कन गर्नु पर्छ।

४. नियमितताअन्तर्गत् दैनिक हाजिरीलाई हेरी मूल्याङ्कन गर्नुपर्छ। ९० प्रतिशत वा सोभन्दा माथि हाजिरी भए प्रथम र दोस्रो त्रैमासिक मूल्याङ्कनमा ३ अङ्क र तेस्रो त्रैमासिक मूल्याङ्कनमा ४ अङ्क दिनुपर्छ। ७० देखि माथि र ९० प्रतिशतभन्दा कम भए २ अङ्क, ७० प्रतिशतभन्दा कम भए १ अङ्क दिनुपर्छ।

पाठ्यभार र अङ्कभार निर्धारण

१) **तालिका ८: कक्षा १ देखि ३ सम्मको अङ्कभार र पाठ्यभार**

क्र. सं.	विषय क्षेत्र	अङकभार			पाठ्यभार		
		सैद्धान्तिक	ब्यवहारिक	जम्मा	सैद्धान्तिक	ब्यवहारिक	जम्मा
१.	गोदावरी नगरपालिकाको परिचय	४	४	८	८	४	१२
२.	गोदावरीको प्राकृतिक सम्पदा	४	४	८	६	६	१२
३.	गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा	५	४	९	८	७	१५
४.	गोदावरीको सांस्कृतिक सम्पदा	११	११	२२	२०	१५	३५
५.	गोदावरीको भाषा साहित्य, कला	७	७	१४	१४	८	२२
६.	आयआर्जन	६	५	११	९	९	१८
७.	स्वस्थ जीवनशैली	५	६	११	९	९	१८
८.	आधारभुत व्यावसायिक सिप	५	६	११	६	१२	१८
९.	विपत् व्यवस्थापन	३	३	६	६	४	१०
जम्मा		५०	५०	१००	८६	७४	१६०

वार्षिक पाठ्यघण्टा

कक्षा १ देखि ३ सम्मको एकाइगत वार्षिक पाठ्यघण्टा यसप्रकार रहेको छ :

क्र.सं.	विषय क्षेत्र	पाठ्यघण्टा
१	गोदावरी नगरपालिकाको परिचय	१२
२	गोदावरीको प्राकृतिक सम्पदा	१२
३	गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा	१५
४	गोदावरीको सांस्कृतिक सम्पदा	३५
५	गोदावरीको भाषा, साहित्य र कला	२२
६	आय आर्जन	१८
७	स्वस्थ जीवन शैली	१८
८	आधारभूत व्यावसायिक सीप	१८
९	विपत् व्यवस्थापन	१०
	जम्मा	**१६०**

अनुसूची १

गोदावरी नगरपालिकाको परिचय

क) गोदावरी नगरपालिकाको परिचय

क्र. सं.	विषयवस्तु	विवरण
१.	नगरपालिकाको नाम	गोदावरी नगरपालिका
२.	जिल्ला	ललितपुर
३.	प्रदेश	बागमती
४.	नगरपालिकाको स्थापना	२०७३ फागुन २७ गते
५.	नगरपालिका कार्यालय रहेको स्थान	बज्रबाराही, चापागाउँ
६.	भौगोलिक अवस्थिति	८५° १५‘ ८” पूर्वी देशान्तरदेखि ८५° २४‘ ५७” पूर्वी देशान्तरसम्म २७° ३१‘ ४०” उत्तरी अक्षांसदेखि २७° ३८‘ ५७” उत्तरी अक्षांससम्म
७.	फैलावट र क्षेत्रफल	उत्तर - दक्षिण ८.२ कि.मी. पूर्व - पश्चिम १३.३ कि.मी. फैलिएको क्षेत्रफल ९६.११ वर्ग कि.मी. समुद्र सतहबाट करिब ४५७ मि. देखि २८३१ मि. सम्मको उचाइ
८.	हावापानी	समशीतोष्ण हावापानी
९.	नगरपालिका क्षेत्र	साबिकका १२ ओटा गाविसहरू गोदामचौर, बिशङ्खुनारायण, गोदावरी, बढीखेल, लेले, देवीचौर, डुकुछाप, छम्पी, चापागाउँ, ठेचो, झरुवारासी र ठैव समेटेर हालको गोदावरी नगरपालिका बनाइएको
१०.	वडा सङ्ख्या	१४
११.	नगरपालिकाको सिमाना जोडिएका पालिकाहरू	पूर्वः कोञ्ज्योसोम गाउँपालिका र काभ्रे जिल्ला पश्चिमः ललितपुर महानगरपालिका, काठमाडौँ र मकवानपुर जिल्ला उत्तरः ललितपुर महानगरपालिका र महालक्ष्मी नगरपालिका दक्षिणः कोञ्ज्योसोम र बागमती गाउँपालिका
१२.	मुख्य समुदायहरू	नेवार, क्षेत्री, ब्राह्मण, पहरी वा नगरकोटी, तामाङ, दशनामी, दलित, दनुवार आदि।
१३.	धर्महरू	हिन्दु, बौद्ध, मुस्लिम, क्रिस्चियन र अन्य
१४.	जनसङ्ख्या	१,१६,०४५ (नगर पार्श्वचित्र, २०७५)

१५.	घरधुरी	१८,२६२ (नगर पार्श्वचित्र, २०७५)
१६.	सबैभन्दा ठूलो वडा	वडा नं ३
१७.	सबैभन्दा सानो वडा	वडा नं १४

ख) वडा केन्द्रहरू

वडा नं.	वडा केन्द्रहरू	वडा नं.	वडा केन्द्रहरू
१.	गोदामचौर	८.	डुकुछाप
२.	बिशङ्खुनारायण	९.	छम्पी
३.	किटिनी	१०.	प्याङ्गाउँ
४.	बडिखेल	११.	चापागाउँ
५.	लेले	१२.	ठेचो
६.	टिकाभैरव	१३.	झरुवारासी
७.	देवीचौर	१४.	ठैव

अनुसूची २

गोदावरी नगरपालिकाका प्राकृतिक, पर्यटकीय तथा ऐतिहासिक सम्पदाहरू

क) गोदावरी नगरपालिकाको प्राकृतिक सम्पदाहरू

क्र. सं.	विषयवस्तु	विवरण
१.	मुख्य प्राकृतिक वनस्पति	चिलाउने, सल्लो, उत्तिस, बकाइनो, पैयुँ, काउलो, खरी, जुरेकाफल, काफल, चाँप, सउर, दुधिलो, लाँकुरी, बर, पिपल, मयल, हाडेबयर, सिरिस, गुराँस, कटुस, आदि
२.	पहाड	फुलचोकी, आनन्दवन, तीनपाने, छोटीडाँडा, गोदावरी डाँडा, सन्तानेश्वर डाँडा, चापाखर्क, लामिडाँडा, कोटडाँडा, चापाखर्क
३.	वन	सामुदायिक, कबुलियती, धार्मिक वन, निजी वन र सरकारी वन
४.	खोला	नक्खु, कर्मनासा, लेले खोला, गोदावरी खोला, बुरुञ्चुली खोला, नल्लु खोला महादेव खोला र कोड्कु खोला, खहरे खोला
५.	जङ्गली जनावर	बाँदर, स्याल, फ्याउरो, जङ्गली खरायो, चितुवा, मृग, बँदेल, दुम्सी, सर्प, मलसाँप्रो, न्याउरी मुसो, वन विरालो, चमेरो, मुसा आदि
६.	पन्छी	काँडे भ्याकुर, कालिज, लुइँचे, काग, ढुकुर, परेवा, जुरेली, कोइली, सारौँ (रुपी), गौँथली, चिल, सुगा, लाटोकोसेरो, बाज, भँगेरा, चिबे, सिमकुखुरा, लामपुच्छ्रे, माटोकोटरी, तोपचरा, जुरेली, बकुला, बाज, तित्रो, पानी हाँस, गौँथली, काठफोरा फिस्टो आदि

ख) ऐतिहासिक तथा पर्यटकीय स्थल

क्र.सं.	पर्यटकीय तथा ऐतिहासिक स्थल	स्थान	वडा नं.
१.	कोटडाँडा	बिशङ्खु	२
२.	गोदावरी वनस्पती उद्यान	गोदावरी	३
३.	फूलचोकी डाँडा	गोदावरी, फूलचोकी	३
४.	शान्ति वन	गोदावरी	३
५.	मनकामना पिकनिक स्थल	लेले, काभ्रे	५
६.	पि.आइ.ए.पार्क	लेले, फैडोल	६
७.	देवीचौर भ्युटावर	देवीचौर, देउराली	७
८.	कटुवालदह	डुकुछाप	८
९.	बज्रबाराही मन्दिर परिसर	चापागाउँ, बज्रबाराही	११
१०.	भट्टराइ निवास	ठैब, बाडेगाउँ	१४

ग) धार्मिक तथा ऐतिहासिक स्थल			
१	मनकामना मन्दिर	गोदामचौर	१
२	विशङ्खुनारायण मन्दिर	विशङ्खु	२
३	फूलचोकी मन्दिर	फूलचोकी डाँडा, गोदावरी	३
४	गोदावरी कुण्ड	गोदावरी	३
५	नौधारा	गोदावरी	३
६	शान्ति बन (बुद्ध प्रमिमा)	गोदावरी	३
७	रामचन्द्र मन्दिर	गोदावरी	३
८	बौद्ध गुम्बा	गोदावरी	३
९	मुक्तिनाथ धाम	गोदामचौर	१
१०	तपेश्वर महादेव	बडिखेल	४
११	मनकामना मन्दिर	लेले	५
१२	तिलेश्वर धाम तथा सरस्वती कुण्ड	लेले	५
१३	बालकुमारी जयलकुमारी मन्दिर	लेले	५
१४	टिकाभैरव मन्दिर	लेले	६
१५	कटुला दह (बुङ्गद्यः पिठ)	डुकुछाप	८
१६	छम्पी देवी मन्दिर	छम्पी	९
१७	विन्ध्यवासिनी मन्दिर	छम्पी	९
१८	बुरुन्चुली माने	छम्पी	९
१९	गणेश मन्दिर (इटाइटी)	छम्मी	९
२०	चन्द्रभैरव मन्दिर	चापागाउँ	११
२१	दोङाग न्यीद सुङ्धेल स्येराब राल्डी लिङ गुम्बा	चापागाउँ	११
२२	कालेश्वर महादेव मन्दिर	प्याङ्गाउँ, चपागाउँ	११
२३	महादेव मन्दिर	बुलु	११
२४	तीनमुखे महादेव मन्दिर	चापागाउँ	११
२५	नाटेश्वर मन्दिर	चापागाउँ	११
२६	भगवती मन्दिर	चापागाउँ	११
२७	गणेश मन्दिर	चापागाउँ	११
२८	कृष्ण मन्दिर	चापागाउँ	११

२९	बज्रबाराही मन्दिर	चापागाउँ	११
३०	ज्योति विहार	चापागाउँ	११
३१	नवदुर्गा मन्दिर	ठेचो	१२
३२	बालकुमारी मन्दिर	ठेचो	१२
३३	ब्रम्हायणी मन्दिर	ठेचो	१२
३४	दुग्धेश्वर महादेव मन्दिर	ठेचो	१२
३५	वेलुवनाराम विहार	ठेचो	१२
३६	वनोध्यान विहार	ठेचो	१२
३७	जल पुस्करणीय विहार	ठेचो	१२
३८	सिद्धिविनायक मन्दिर	ठेचो	१२
३९	नाटेश्वर मन्दिर	ठेचो	१२
४०	भैरव मन्दिर	ठेचो	१२
४१	फुट गुम्बा	ठेचो	१२
४२	ढल्केश्वर महादेव (प्यपाःख्वाः महाद्यः)	ठेचो	१२
४३	ह्याउँन्या पुखू	ठेचो	१२
४४	सन्तानेश्वर मन्दिर	झरुवारासी	१३
४५	स्वेत बाराही मन्दिर	बाँडेगाउँ	१४
४६	कालभैरव मन्दिर	बाँडेगाउँ	१४

नोटः

शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा रहेका यस्तै धार्मिक स्थलहरू समेटेर अध्यापन गर्नुपर्ने छ ।

- » उपत्यकाका चार बाराहीहरू बज्रबाराही, स्वेतबाराही, निलबाराही र धुमबाराहीमध्ये बज्रबाराही र श्वेतबाराही यसै नगरपालिकामा पर्छन् ।
- » उपत्यकाका चार नारायणहरू विशङ्खु नारायण, इचङ्कु नारायण, चाँगु नारायण र शेष नारायणमध्ये विशङ्खु नारायण यसै नगरपालिकामा पर्छ ।
- » उपत्यकाका चार सरस्वतीमध्ये तिलेश्वर नील सरस्वती मन्दिर यसै नगरपालिकामा पर्छ ।

अनुसूची ३

गोदावरी नगरपालिकाको धार्मिक तथा सांस्कृतिक परम्परा

(क) गोदावरी नगरपालिकामा प्रचलित धार्मिक तथा सांस्कृतिक पर्वहरू :

गोदावरी नगर क्षेत्रमा मनाइने सामान्य चाडपर्वहरू	जाति विशेषका पर्व				
	नेवार	तामाङ	पहरी	दनुवार	अन्य
नव वर्ष वैशाख १ गते कटुवाल दह मेला	खायु सँल्हु				
				क्षेत्रपाल पूजा (बैसाश औंसी) मच्छिन्द्रनाथको जात्रा)	
मातातीर्थ औंसी	माँया ख्वाः स्वयेगु				
	ल्हुती पुन्ही				इदउल फितर (इस्लाम पर्व)
बुद्ध जयन्ती /चण्डी पूर्णिमा	स्वाँया पुन्ही	बुद्ध जयन्ती			उभौली पर्व (किराँत समुदाय)
		वैशाख पूर्णिमादेखिजेष्ठ पूर्णिमासम्म (पुरुषको आत्माको लागि पितृ पूजा)			
	सिथिःनखः			सिठी	
असार १५ (दही च्यूरा खाने दिन)					
हरिसयनी एकादशी					बकर इद (इस्लाम पर्व)
गुरु पूर्णिमा					
साउने सङ्क्रान्ति		साउने सङ्क्रान्ति	साउने सङ्क्रान्ति	साउने सङ्क्रान्ति	

	घण्टाकर्ण /गथाँमुगः (चःह्रे		घण्टाकर्ण /गथाँमुगः (चःह्रे		
	गुंला पर्व आरम्भ				
साउन १५ गते (खिर खाने दिन)					
नाग पञ्चमी / नागदह मेला	नाग पञ्चमी / नागदह मेला		नाग पञ्चमी / नागदह मेला		
जनैपूर्णिमा/रक्षान्धन	गुन्हु पुन्ही/क्वाती पुन्ही	गोठेङ्या पर्व	जनैपूर्णिमा/		
गाईजात्रा	सापारु		गाईजात्रा		
	मतयाः/ रोपाइँजात्रा		मतयाः/ रोपाइँजात्रा		
श्री कृष्ण जन्माष्ठमी	कृष्णजात्रा				
कुशे/औंसी बुबाको मुख हेर्ने दिन/गोकर्ण औंसी	बौया ख्वाः स्वयेगु		बुबाको मुख हेर्ने दिन	बुबाको मुख हेर्ने दिन	
	चथाः				
	जुगः (भिन्द्य जात्रा)				
	गुंला पर्व समाप्ति				
हरितालिका तीज र ऋषि पञ्चमी			हरितालिका तीज र ऋषि पञ्चमी	चण्डिदेवी पूजा	
इन्द्र जात्रा	येँयाः		इन्द्र जात्रा		
१२ वर्षे कुम्भ मेला गोदावरी स्नान (१२ वर्षमा एकपटक)					
दसैँ (नवरात्रि)	मोहनी	दसैँ	दसैँ	दसैँ	
घटस्थापना	नःला स्वनेगुं				
फूलपाती					
अष्टमी	कुछिभ्वय्				
नवमी	स्याक्व त्याक्व				

दशमी	चलं				
	१२ वर्षे नवदुर्गा जात्रा थेच्व नवदुर्गा बाह्र दं जात्रा) नवरात्री देखि मङ्सिर सम्म १२ वर्षमा एक पटक)				
कोजाग्रत पूर्णिमा	पुन्ही (द्यः भगवान)				
तिहार (काग तिहार, कुकुर तिहार, लक्ष्मी पूजा, गोवर्द्धन पूजा, भाइ टिका)	क्वः पूजा, खिचापूजा, लक्ष्मीपूजा, न्हूदं/म्ह पूजा, किजा पूजा, स्वां क्वकायेगु		तिहार		
हरिबोधिनी एकादशी (विशङ्खु नारायण मेला)	हरिबोधिनी एकादशी	कार्त्तिक पूर्णिमा देखि मङ्सिर पूर्णिमासम्म (महिलाको आत्माको लागि पितृ पूजा)	हरिबोधिनी एकादशी	हरिबोधिनी एकादशी	
धान्यपूर्णिमा (देवली)	यःमरी पुन्ही (थेच्व स्थानीय जात्रा) भैरब, बालकुमारी, ब्रम्हायणी र नवदूर्गा जात्रा		यःमरी पुन्ही	टिका भैरव पूजा	उधौली पर्व (किराँत समुदाय)
	बज्रबाराही जात्रा (मरस्थी जात्रा)				
बाला चतुर्दशी	बाला चतुर्दशी		बाला चतुर्दशी		
					क्रिसमस डे (इसाइ धर्मावलम्बी)
					तमुल्होसार (गुरुङ जाति)

स्वस्थानी पूर्णिमा (माघ स्नान र व्रत प्रारम्भ)	माघ बनेगु (माघ स्नान र व्रत प्रारम्भ)				
माघे सङ्क्रान्ति	घ्यःचाकु सँल्हु	माघे सङ्क्रान्ति	माघे सङ्क्रान्ति	माघे सङ्क्रान्ति	
	दे पूजा (दिगी पूजा)				
		सोनाम ल्होछार (तामाङ जाति)			
श्री पञ्चमी/वसन्त पञ्चमी तिलेश्वर सरस्वती कुण्ड मेला	श्री पञ्चमी/वसन्त पञ्चमी	श्री पञ्चमी/ वसन्त पञ्चमी	श्री पञ्चमी/ वसन्त पञ्चमी		
श्री स्वस्थानी पूर्णिमा (माघ स्नान र व्रत समाप्ति)	श्री स्वस्थानी पूर्णिमा (माघ स्नान र व्रत समाप्ति)				
महाशिवरात्री	सिल्ला चह्रे		महाशिवरात्री		
फागु पूर्णिमा	फागु पुन्ही		फागु पुन्ही		
	बादेगां जात्रा (स्वेतबाराही र फूलचोकी जात्रा)				
	ठैव जात्रा (च्वलय् जात्रा÷ फूलचोकीमाई जात्रा)				
घोडेजात्रा	पाहाँ चह्रे		घोडेजात्रा		
चैते दसैँ			चैते दसैँ		
रामनवमी					

चैत्र पूर्णिमाको टीकाभैरव मेला	बादेयूया स्थानीय जात्रा (प्यखः जात्रा) चापागाउँ	चैत्र पूर्णिमा	चैत्र पूर्णिमाको टीकाभैरव मेला	काली देवी पूजा	
	बुलुदेयूया स्थानीय जात्रा (गणेश, भैरव जात्रा)				
	सिन्दुरे जात्रा (सिन्हया जात्रा) लेले				
	पञ्ज्रा/पञ्जाराँ				

यस अनुसूचीमा गोदावरी नगरपालिकाभित्रका सबै पर्वहरू नसमेटिएको हुनसक्छ । सम्बन्धित विज्ञहरूको सुझावका आधारमा सुधार गर्दै लगिनेछ । शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा रहेका यस्तै पर्वहरू समेटेर अध्यापन गर्नुपर्ने छ ।

(ख) पराम्परागत वाद्यवादन तथा नृत्य

क्र.सं.	बाजाको नाम	बाजा बजाइने समय	समुदाय/जाति
१.	काःबाजा	विभिन्न जात्रा तथा पर्वहरूमा र मालामी जाँदा बजाइने	नेवार
२.	धिमय् बाजा	विभिन्न जात्रा, पर्व तथा शुभ कार्य	नेवार
३.	धाःबाजा	गुंला पर्व	नेवार
४.	इयाली बाजा	विभिन्न जात्रा, पर्व तथा शुभ कार्य	नेवार
५.	पञ्चैबाजा (सनाई, ढोलकी, झ्याली, ट्याम्को, दमाहा)	विवाह, व्रतबन्ध, देवाली, शुभकार्य	सबै
६.	डमरु / कान्ताँ दवदव	दसैँ र पूजाकार्य	सबै
७.	खिं बाजा (बाँसुरी (काठबाटबनेको), ता, छुस्या, तिंछु / पछिमा	विवाह, व्रतबन्ध, देवाली, शुभकार्य	नेवार
८.	बाँसुरी	लोक गीत तथा भजनमा गाइने	सबै
९.	शङ्ख	पूजा प्रार्थनामा बजाइने	सबै
१०	नाय् खिँ	विभिन्न जात्रा तथा पर्वहरूमा र मालामी जाँदा बजाइने	नेवार
११.	हारमोनियम	भजन कीर्तनमा बजाइने	सबै
१२.	तबला	भजन कीर्तनमा बजाइने	सबै
१३.	मादल	नाचगानमा बजाइने	सबै
१४.	नेकुबाजा	मतयाः मा बजाइने	नेवार

क्र.सं.	बाजाको नाम	बाजा बजाइने समय	समुदाय/जाति
१५.	डम्फु	शुभ पर्वहरू, नाचगान गर्दा	तामाङ
१६.	ढ्याङ्ग्रो	घेवा, तान्त्रिक कर्म	तामाङ
१७.	गुंलाबाजँ (लोक धुन)	मन्दिर जाँदा समूहमा बजाउने	नेवार
१८.	मालश्री धुन (लोक धुन)	खास गरी दसैँताका बजाइने	नेवार

यस अनुसूचीमा गोदावरी नगरपालिकाभित्रका सबै लोकबाजाहरू नसमेटिएको हुनसक्छ । सम्बन्धित विज्ञहरूको सुझावका आधारमा सुधार गर्दै लगिनेछ। शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा प्रचलित यस्तै बाजाहरू समेटेर अध्यापन गर्नुपर्ने छ।

(ग) परम्परागत संस्कारहरू :

क्र.सं.	संस्कारको नाम	नेवार संस्कारको नाम	समुदाय र जाति	कैफियत
१.	जन्म संस्कार	धौबाजी नकेगु/दही चिउरा खुवाउने	सबै	गर्भवती महिलालाई खुवाउने
		सिसापालु कायूके छ्वयेगु दमरा फःवयूगु	नेवार	छोरी जन्मेको खबर माइतीमा पठाउने
		सुतक बार्ने	सबै	दाजुभाइ खलकले
		न्वारान (व्यंकेगु)	सबै	जातीय परम्पराअनुसार फरक हुने
		छैठी	ब्राम्हण क्षेत्री	जन्मेको ६ दिनमा
		पास्नी, अन्नप्राशन मचा जंक्व	सबै	छोरी भए जन्मेको ५ महिनामा र छोरा भए ६ या ७ महिनामा
		निदँबुदिँ	नेवार	दुई वर्षको उमेरमा छोरालाई यःमरीसहित सगुन दिने संस्कार
		प्यँदबुदिँ	नेवार	चार वर्षको उमेरमा छोरालाई सगुन दिने संस्कार
		कुमारी पूजा	नेवार	छोरीका लागि गरिने संस्कार
२.	कर्म चलाउने संस्कार	व्रतबन्ध/कयूता पूजा (छोराको कर्म चलाउने)	सबै	जातीय परम्पराअनुसार फरक फरक हुने
		छेवर	सबै	तामाङ जातिमा विशेष हुने
		बेल विवाहा र ईही	नेवार	छोरीका लागि गरिने संस्कार
		गुफा राख्ने÷बाह्रा	नेवार	छोरीका लागि गरिने संस्कार
३.	विवाह संस्कार	विवाह (इहिपा)	सबै	जातीय परम्पराअनुसार फरक हुने

४.	बुद्धयौली संस्कार	भीम रथारोहण	नेवार	बुबा वा आमाको उमेर ७७ वर्ष, ७ महिना ७ दिनमा
		चन्द्र रथारोहण	नेवार	बुबा वा आमाको उमेर ८४ वर्ष, ४ महिना ४ दिनमा
		देव रथारोहण	नेवार	बुबा वा आमाको उमेर ८८ वर्ष, ८ महिना ८ दिनमा
		दिव्य रथारोहण	नेवार	बुबा वा आमाको उमेर ९९ वर्ष, ९ महिना ९ दिनमा
		महा दिव्य रथारोहण	नेवार	बुबा वा आमाको उमेर १०८ वर्ष, ८ महिना ८ दिनमा
		चौरासी पूजा	ब्राम्हण क्षेत्री	८४ वर्षको उमेरमा गरिने पूजा
५.	मृत्यु संस्कार	दाह संस्कार÷सिथँ वनेगु	सबै	मृत्युपश्चात् जातीय परम्पराअनुसार फरक हुने ।
		किरिया बार्ने	ब्राम्हण क्षेत्री र नेवार	मृतकका दाजुभाइ मृतकका दाजुभाइखलक र नजिकका नातेदारहरू
		विचार लैजाने	ब्राम्हण क्षेत्री र नेवार (७ दिनभित्र)	
		पैंतालिस दिनको श्राद्ध	ब्राम्हण क्षेत्री र नेवार	
		बरखी	ब्राम्हण क्षेत्री र नेवार (१ वर्ष)	
		विचाः –भोलिपल्ट प्यन्हुविचाः –चार दिनमा न्हय्न्हुबूः –सातदिनमा दूव्यंकेगु –दश दिनमा घःसू –बाह्रदिनमा लत्या –पैंतालिस दिनमा खुला –छ महिनामा दकिला – एक वर्षमा नितिथि –दुई वर्षमा	नेवार	
		जुठो बार्ने	सबै	जातीय परम्पराअनुसार फरक हुने
		घेवा	तामाङ	मृत्यु भएपछि गरिने संस्कार
		श्राद्ध र पिण्डदान तिथि	ब्राम्हण क्षेत्री र नेवार	जातीय परम्पराअनुसार फरक हुने

शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा प्रचलित यस्तै संस्कारहरू समेटेर अध्यापन गर्नुपर्ने छ ।

(घ) **गोदावरी नगरपालिका क्षेत्रमा प्रचलित विशेष खानेकुराहरू**

क्र.सं.	खानाको नाम	समुदाय / जाति
१.	ढिँडो	सबै
२.	गुन्द्रुक	सबै
३.	योमरी	नेवार
४.	समयबजी	नेवार
५.	छ्वयला	नेवार
६.	चाकु	सबै
७.	बारा (वः)	नेवार
८.	खुवा	सबै
९.	फुर्‍यौला/फुलौरा	बााहुन / क्षेत्री
१०.	पुस्टकारी	सबै
११.	बाबर	सबै
१२.	खिर	सबै
१३.	सेलरोटी	सबै

शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा प्रचलित यस्तै खानेकुराहरू समेटेर अध्यापन गर्नु पर्नेछ ।

(ङ) **पहिरन तथा गहना**

क्र.सं.	पहिरनको नाम	समुदाय / जाति
१.	दौरा सुरुवाल	सबै
२.	गुन्यु चोली	सबै
३.	कमिज	सबै
४.	कोट	सबै
५.	हाकु पटासी	नेवार
६.	लुङ्गी	तामाङ
७.	पटुकी	सबै
८.	पाङ्देन, बख्खु	तामाङ
९.	पर्सि, मिसालं	नेवार
१०.	भान्तालं	नेवार
११.	सिन्दुर, टीका, शिरबन्दी, न्यापुसिखं, लुँस्वा, शिरफूल (शिरमा लगाउने)	सबै
१२.	मडबारी, ढुङ्ग्री, झुम्का टप, माकःर्सि (कानमा लगाउने)	सबै

१३.	पोते, तिलहरी, मङ्गलसुत्र, सिन्दुर, तायः, जन्तर (गलामा लगाउने)	हिन्दु महिला
१४.	बुलाकी फूली, (नाकमा लगाउने)	सबै
१५.	औँठी, चुरा, बाला (हातमा लगाउने)	सबै
१६.	पाउजु, बिच्छी, कल्ली (पाउमा लगाउने)	सबै

शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा प्रचलित यस्तै पहिरनहरू समेटेर अध्यापन गर्नु पर्नेछ ।

(च) नेपाल संवत्अनुसार महिनाका नामहरू

महिना क्रम	नेवार महिनाको नाम	सम्भावित अङ्ग्रेजी महिना	सम्भावित नेपाली महिना
पहिलो	कछला	October	कात्तिक
दोस्रो	थिंला	November	मङ्सिर
तेस्रो	पोहेला	December	पुस
चौथो	सिल्ला	January	माघ
पाँचौँ	चिल्ला	February	फागुन
छैठौँ	चौला	March	चैत
सातौँ	बछला	April	वैशाख
आठौँ	तछला	May	जेठ
नवौँ	दिल्ला	June	असार
दसौँ	गुंला	July	साउन
एघारौँ	ञंला	August	भदौ
बाह्रौँ	कौला	September	असोज
	अनला (अधिकमास परेको वर्ष १ महिना थप हुने)		

(छ) **शुक्ल पक्ष र कृष्ण पक्षका दिनहरू**

शुक्ल पक्ष (उज्ज्यालो रात)का दिनहरू	कृष्ण पक्ष (अँध्यारो रात)का दिनहरू
पहिलो दिन = प्रतिपदा	पहिलो दिन = प्रतिपदा
दोस्रो दिन = द्वितीया	दोस्रो दिन = द्वितीया
तेस्रो दिन = तृतीया	तेस्रो दिन = तृतीया
चौथो दिन = चतुर्थी (चौथी)	चौथो दिन = चतुर्थी (चौथी)
पाँचौं दिन = पञ्चमी	पाँचौं दिन = पञ्चमी
छैठौं दिन = षष्ठी	छैठौं दिन = षष्ठी
सातौं दिन = सप्तमी	सातौं दिन = सप्तमी
आठौं दिन = अष्टमी	आठौं दिन = अष्टमी
नवौं दिन = नवमी	नवौं दिन = नवमी
दसौं दिन = दशमी	दसौं दिन = दशमी
एघारौं दिन = एकादशी	एघारौं दिन = एकादशी
बाह्रौं दिन = द्वादशी	बाह्रौं दिन = द्वादशी
तेह्रौं दिन = त्रयोदशी	तेह्रौं दिन = त्रयोदशी
चौधौं दिन = चतुर्दशी	चौधौं दिन = चतुर्दशी
पन्ध्रौं दिन = पूर्णिमा (पूर्णे)	पन्ध्रौं दिन = अमावश्या (औंसी)

(ज) गोदावरीका चर्चित व्यक्तिहरू

क्र.सं.	व्यक्तिका नाम	ठेगाना	प्रसिद्धि
१	रामहरि शर्मा	गोदावरी	प्रजा परिषद\का सदस्य, राणा विरोधी क्रान्तिका योद्धा
२			
३			
४			
५			

अनुसूची ४

गोदावरी नगरपालिकाको अर्थिक गतिविधि

(क) गोदावरी नगरपालिकाको कृषि उपजहरू

क्र.सं.	किसिम	बालीनाली
१.	अन्नबाली	धान, मकै, कोदो, गहुँ आदि ।
२.	दलहन	मास, बोडी, सिमी, मस्याङ, मुसुरो आदि ।
३.	तेलहन	तोरी, सस्युँ , आदि ।
४.	तरकारी	आलु, प्याज, लसुन, धनियाँ, काउली, भण्टा, बन्दा, गोलभैँडा, भिन्डी, साग, मुला, गाजर, गान्टेमुला आदि ।
५.	फलफूल	सुन्तला, नासपाती, अम्बा, आल्चा, आलुबखडा, भोगटे, ज्यामिर, कागती आदि ।
६.	घरपालुवा जनावर	गाई, गोरु, भैँसी, राँगा, बाख्रा, खरायो, कुकुर, बङ्गुर, बिरालो आदि ।
७.	घरपालुवा पन्छी	कुखुरा, हाँस, परेवा, बट्टाइ आदि ।

(ख) पशु पन्छीपालन

क्र.सं.	पशुपन्छी
१.	गाई
२.	भैँसी
३.	बाख्रा
४.	माछा
५.	कुखुरा
६.	बट्टाई
७.	अस्ट्रिच
८.	कालिज
९.	माहुरी
१०.	बङ्गुर
११.	भेडा

(ग) परम्परागत पेसा र व्यवसाय

क्र.सं.	पेसा
१.	जुत्ता सिलाउने
२.	कपडा सिलाउने
३.	कपाल काट्ने

४.	निगाला, बेत, बाँसको सामान बनाउने (नाङ्लो, डोको, डालो, कोक्रो, बास्केट, आदि बनाउने)
५.	दुग्ध परिकार बनाउने (दही, मही, खुवा, घिउ, मख्खन आदि बनाउने)
६.	सिकर्मी
७.	अवाले (ईँटा निर्माण)
८.	डकर्मी
९.	कर्मकाण्ड/ज्योतिषको काम गर्ने
१०.	मूर्तिकला (फलाम, तामा, पित्तलको मूर्ति बनाउने)
११.	फलाम, तामाको सामान बनाउँने (हँसिया, खुर्पा, खुकुरी, कोदालो, कुटो, खन्ती आदि बनाउने)
१२.	सुनको काम (गरगहना बनाउँने, मर्मत गर्ने बनाउँने)
१३.	प्याङ बनाउने (बाँसको माना, पाथी, बट्टा आदि बनाउने)
१४.	बैद्य (जडीबुटीको काम)
१५.	अचार बनाउने (तितौरा, लप्सी, अचार)
१६.	तेल बनाउने (भुटेको तोरीको तेल बनाउने)
१७.	पुस्टकारी बनाउने

(घ) उद्योगहरू

क्र.सं.	उद्योग	उत्पादन
१.	गलैंचा	गलैंचा, कार्पेट
२.	तेल पेल्ने	तेल, पिना
३.	तान बुन्ने	टोपी, कपडा, मोजा,
४.	कुटानी पिसानी मिल	चामल, पिठो आदि
५.	फेन्सी उद्योग	गुडिया, किरिङ आदि
६.	क्रसर	गिट्टी, रोडा आदि
७.	पानी उद्योग	बोत्तल, जार र ट्याङ्करको पानी
८.	मसला उद्योग	विभिन्न किसिमका मसला
९.	बियर फ्याक्ट्री	बियर उत्पादन
१०.	दुग्ध उद्योग	दुध चिस्याउने, घिउ, पनिर, चिज, मखन, दही, मही आदि उत्पादन
११.	बेकरी उद्योग	डोनट, पाउरोटी, केक आदि
१२.	बिस्कुट उद्योग	कुकिज, बिस्कुट आदि
१३.	नर्सरी	फूलका बिरुवा, फलफूलका बिरुवा र रुखका बिरुवा उत्पादन
१४.	काष्ठ उद्योग	फर्निचरका सामान

अनुसूची ५

गोदावरी नगरकार्यपालिका पदाधिकारीहरू

(स्थानीय निर्वाचन मिति : २०७९/०१/३०)

क्र.सं.	प्दाधिकारीको नाम	पद	ठेगाना
१.	श्री गजेन्द्र महर्जन	प्रमुख	
२.	श्री मुना अधिकारी	उपप्रमुख	
३.	श्री श्रीराज थापा	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - १
४.	श्री मनोहर सिल्वाल	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - २
५.	श्री सानुराज घिमिरे	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - ३
६.	श्री सानुभाइ नगरकोटी	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - ४
७.	श्री मिलन सिलवाल	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - ५
८.	श्री विष्णुमान महर्जन	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - ६
९.	श्री मथुराप्रसाद घिमिरे	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - ७
१०.	श्री सुकबहादुर लामा	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - ८
११.	श्री आत्माराम थापा क्षेत्री	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - ९
१२.	श्री शेखर न्यौपाने	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - १०
१३.	श्री निलबहादुर देशार	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - ११
१४.	श्री जगतबहादुर महर्जन	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - १२
१५.	श्री भाष्कर थापा	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - १३
१६.	श्री निरोज बज्रचार्य	वडा अध्यक्ष	गोदावरी नपा, वडा नं. - १४
१७.	श्री रामकृष्ण दनुवार	सदस्य	
१८.	श्री रीता पुर्कुटी मिजार	सदस्य	
१९.	श्री राममाया नेपाली	सदस्य	
२०.	श्री बिना नगरकोटी	सदस्य	
२१.	श्री उमा खड्का	सदस्य	
२२.	श्री लक्ष्मीदेवी महर्जन	सदस्य	
२३.	श्री उमा विशुङ्के	सदस्य	

अनुसूची ६

पाठ्यक्रम निर्माणमा सहभागी विज्ञहरू :

श्री जोगमोहनमेहर कायस्थ, संस्कृतिविद्

श्री नवीन थेच्वमि, नेवाः संस्कृतिविद्

श्री वासुदेव कर्माचार्य, संस्कृतिविद्

श्री शिवराज सञ्जेल, क्याम्पस प्रमुख, जनभावना क्याम्पस, चापागाउँ

श्री जनार्दन आचार्य, निमित्त क्याम्पस प्रमुख, किटिनी कलेज, टौखेल

श्री प्रकाशकुमार गोदार, प्रधानाध्यापक, सरस्वती मा. वि., लेले

श्री प्रवीणप्रकाश श्रेष्ठ, प्रधानाध्यापक, वाणीविलास मा. वि., चापागाउँ

श्री टेकबहादुर मावो, पूर्व प्रधानाध्यापक, सरस्वती मा. वि., ठेचो

श्री रामेश्वर महर्जन, प्रधानाध्यापक, बज्रबाराही मा. वि., बज्रबाराही

श्री शान्तिकुमारी अधिकारी, , प्रधानाध्यापक, पथप्रदर्शक मा. वि., बडिखेल

श्री सानुदास नपित, पूर्व प्रधानाध्यापक, बुद्ध मा. वि., बाडेगाउँ

श्री गोपाल पाण्डे, प्रधानाध्यापक, फूलचोकी मा. वि., ठैव

श्री सरोजकुमार के सी, प्रधानाध्यापक, किटिनी मा. वि., टौखेल

फादर समुयाल, प्रिन्सिपल, सेन्टजेभियर्स स्कुल, गोदावरी

श्री नवराज महत, प्रिन्सिपल, कञ्चन मा. वि., चापागाउँ

श्री उदित भट्ट, प्रिन्सिपल, बज्र एकेडेमी, झरुवारासी

श्री पुरुषोत्तम श्रेष्ठ, प्रिन्सिपल, गङ्गाजमुना स्कुल, टिकाभैरव

श्री चक्र महर्जन, प्रिन्सिपल, लिटल स्टर स्कुल, ठेचो

श्री गिरीप्रसाद तिमल्सिना, सचिव, नेपाल शिक्षक महासङ्घ, गोदावरी

श्री अमृत राई, अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, गोदावरी

श्री सीताराम खड्का, अध्यक्ष, नेपाल शिक्षक सङ्घ, गोदावरी

श्री लवराम के सी, अध्यक्ष, एकीकृत नेपाल शिक्षक सङ्घ, गोदावरी

श्री नानीराम सञ्जेल, सचिव, परीक्षा मूल उपसमिति, गोदावरी

गोदावरी नगरपालिका

बज्रबाराही, ललितपुर

सम्पर्क फोन: ०१५५७५९२, ०१५७२७९५

Email: godawari.nagarpalika@gmail.com

Website: http://www.godawarimun.gov.np